राष्ट्र, राष्ट्रियता र जनताका लागि

# कदर पाक्षिक

KADAR MEDIA
KADAR MEDIA PVT. LTD.
कदर मिडिया प्रा. लि.

■ वर्ष ६ ■ अंक १८ ■ २०७७, पुष १६-२८ ( Dec. 31,Janu.13, 2021) मूल्य रू. १५।-

## केपी ओलीले चुनाव गराउनेमा बिस्वास छैन - रामचन्द्र पौडेल

काठमाण्डौ । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीले चुनाव गराउनेमा आफूहरूलाई विश्वास नभएको बताएका छन् ।

कामचलाउ भइसकेका प्रधानमन्त्री ओलीले मन्त्रिमण्डल हेरफेर गरेर संवैधानिक मर्यादाको उलघंन गरेको र असंवैधानिक रूपले प्रतिनिधि सभा विघटन गरेकोले ओलीले सहिसलामत चुनाव गराउनेमा विश्वास नभएको उनले बताएका छन् ।

प्रधानमन्त्री ओलीले गएको पुस ५ गते प्रतिनिधि सभा विघटन गरेका थिए । बैशाख १७ र २७ गते चुनावसमेत घोषणा गरेका छन् । पौडेलले प्रधानमन्त्रीको असंवैधानिक कदम सर्वोच्च अदालतबाट सच्चिने मा विश्वास राखेका पनि छन् । अब हामीलाई बाँकी पृष्ठ १० मा

# नेकपा प्रचण्ड-माधव समूहको देशभर प्रदर्शन

काठमाण्डौ । आफ्नै पार्टीका प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघठन गरेको पछि दुई धारमा देखिएको नेकपा प्रचण्डमाधव समूहले संसद विघटनविरुद्ध देशभर विरोध प्रदर्शन गरेको छ । काठमाडौं उपत्यकामा भएको प्रदर्शनमा जनसहभागिता उत्साहजनक रहेको केन्द्रीय संघर्ष समितिका सहसंयोजक योगेश भट्टराईले जानकारी दिएका छन् ।

यो समूहले बागमती प्रदेशबाहेक सबै जिल्लाहरु जिल्लास्तरीय विरोधसभा गरेको छ । काठमाडौंमा केन्द्रित गरिएको बागमती प्रदेश स्तरीय प्रदर्शन राजधानीका विभिन्न स्थानबाट शुरु भएर प्रदर्शनीमार्ग पुगी सभामा परिणत भएको थियो । यो सभालाई शीर्षनेताहरु प्रचण्ड, माधवकुमार नेपाल र झलनाथ खनालले सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा नेताहरुले असंवैधानिक र अराजनीतिक ढंगबाट गरिएको संसद विघटनको निर्णय स्वीकार्य नहुने बताए । सँगै, आगामी संघर्षको कार्यक्रम कस्तो हुन्छ भन्ने सन्देश पनि नेताहरुले दिए । नेता योगेश भट्टराईका अनुसार पेरिसडाँडाबाट आन्दोलनको नयाँ कार्यक्रम घोषणा गरिने बताए ।

केपी शर्मा ओलीलाई गैरकम्युनिष्ट र तानाशाहीकै संज्ञा दिएका नेताहरुले संसद विघटन गर्ने कदमप्रति ओलीले गम्भीर माफी माग्दै सच्चिन तयार भए फेरि पनि मिल्न राजी हुने प्रष्ट पारे । विशेषगरी प्रचण्ड र माधव नेपालले ओलीले माफी मागे सबै कुरा बिर्सन तयार हुने बताए ।

अझै पनि पार्टी एकता कायम राख्ने प्रयासमा जुटिरहेका नेता वामदेव गौतमप्रति संकेत गर्दै नेपालले भने, 'केपी ओलीलाई सुधार्न भनेर कोहीकोही कमरेडहरु प्रयास गरिरहनु भएको छ । त्यो प्रयास जारी राख्नुहोस् । बालुवाटारको बालुवा पेल्दापेल्दा तेल निस्कन्छ कि ? तेल निकाल्न सक्नुहुन्छ भने म स्याब्बास भन्छु ।

ओली सच्चिए सबै कुरा बिर्सन तयार हुने पनि नेपालले बताए । 'अझै पनि त्यो असंवैधानिक कदमबाट पछि हट्नुहुन्छ, सच्चिनु हुन्छ भने हामी सबै कुरा बिर्सन तयार छौं', नेपालको भनाइ थियो ।

तर, त्यसका लागि ओलीले पश्चाताप गर्नुपर्ने प्रचण्डले सर्त राखे । 'जबजम्म केपी ओलीले पश्चात गर्ने छैनन्, आफैंले बनाएको संविधानको बलात्कार गरें, म अपराधी हुँ भन्ने छैनन्, तबसम्म इतिहासले माफी दिने बाँकी पृष्ठ १० मा

## म अदालतसँग न्यायँ माग्छु श्रीमान्

काठमाण्डौ । नेपाली कांग्रेसका युवा नेता गगनकुमार थापाले संसद विघटनबारे अदालतमा बहस भइरहँदा कांग्रेसले सडकमा आएर न्याय माग्नुपर्ने बताएका छन् ।

पार्टीकै कतिपय नेताले अदालतमा विचाराधीन मुद्दामा बोल्न मिल्छ कि मिल्दैन भनेको भन्दै उनले अदालतमै उभिएर बीपी कोइरालाले 'अदालत परिसरभित्र न्यायको हत्या नहोस' भनेको स्मरण गराए । राजाको शासन भएको बेलामा त्यस्तो भन्ने बीपीका कार्यकर्ता अहिले टुलुटुलु हेरेर बस्न नमिल्ने थापाको भनाइ छ ।

संसद विघटनको विरोधमा नेपालगञ्जमा आयोजित विरोध प्रदर्शनलाई सम्बोधन गर्दै थापाले भने, 'जुन दिन अदालतमा संसद विघटनको मुद्दामा छलफल हुन्छ । त्यो कांग्रेसले सडकमा आएर न्यायमूर्तिहरुलाई शान्तिपूर्ण रुपमा भन्ने हिम्मत गर्नुपर्छ, हाम्रो तपाईहरुप्रति ठूलो विश्वास छ । हाम्रो सम्मान छ, आस्था छ । त्यसैले हामी तपाईहरुतर्फ आशारभरोसाको नजरले हेरिरहेका छौं श्रीमान ।'

उनले अघि भने, 'श्रीमानहरुले पनि दाया नहेरिबक्स्योस, बायां नहेरिबक्स्योस, उत्तरतिर पनि नहेरिबक्स्योस, दक्षिततिर पनि नहेरिबक्स्योस् । पर्दा पछाडि के भइरहेको छ, त्यो पनि नहेरिबक्स्योस, खासखुस पनि नगरिबक्स्योस् । केवल तपाईले कसम खाएको संविधान पल्टाएर बाँकी पृष्ठ १० मा

## प्रधानमन्त्री केपी शर्मा ओलीलाई राज्यबिरुद्धको अपराधमा कारवाही गर्नुपर्छ -अभिवक्ता ओमप्रकाश अर्याल

काठमाडौं । अधिवक्ता ओमप्रकाश अर्यालले संसद विघटन सिफारिस गरेर संविधानमाथि आक्रमण गरेकाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई राज्यविरुद्धको अपराधमा कारबाही गर्नुपर्ने बताएका छन् ।

मन्त्रिपरिषदले संसद विघटनको सिफारिस गरेपछि प्रतिक्रिया दिँदै उनले प्रधानमन्त्रीका कारण संविधान क्षतविक्षत भएको, संविधान र राष्ट्र नै असुरक्षित भएको भन्दै उनलाई देशद्रोहको आरोपमा कारबाही गनुपर्ने बताएका हुन् ।

'प्रधानमन्त्रीले जे कदम उठाउनुभयो, राज्यविरुद्धको अपराध हो, राज्यविरुद्धको अपराध भनेको राजनीतिक आक्षेप मात्र होइन, कानुनी कुरा पनि हो, त्यसैले उहाँलाई कानुन बमोजिम कारबाही गर्नुपर्छ' उनले भने ।

प्रधानमन्त्रीले गरेको संसद विघटनको निर्णय स्वीकृत भए पनि नभए पनि अब प्रधानमन्त्रीलाई देशद्रोहीको रुपमा कारबाही गर्नुपर्ने अधिवक्ता अर्यालको भनाइ छ । 'अहिले नै करेक्सन भयो भने पनि उहाँलाई राज्यविरुद्धको अपराधमा कारबाही गर्नुपर्छ। यस्ता मान्छेलाई सजाय गरिएन भने भविष्यमा यस्ता मान्छे दोहोरिरहन्छन् नि' उनले भने ।

प्रधानमन्त्रीले गरेको सिफारिस राष्ट्रपतिले स्वीकृत गर्न नहुने भन्दै उनले स्वीकृत बाँकी पृष्ठ १० मा

## नयां खालको कोरोना भाइरस फेला


काठमाण्डौ । जापान, स्पेन, फ्रान्स र क्यानडामा केही मानिसहरूमा पहिले भेटिएभन्दा धेरै संक्रमण जोखिम भएका कोरोना भाइरस फेला पारेको छ ।

यी मध्ये धेरै संक्रमित बेलायत यात्राबाट आएकाहरूसाग सम्बन्धित छन् ।

ब्रिटेनमा हालै मात्र कोरोनाको नयाा किसिमको संक्रमण पुष्टि भएको छ र सोका कारण लन्डन र दक्षिण इङ्ल्याण्डमा लकडाउन गरिएको छ ।

नयां भाइरस आफ्नो मुलुकमा ब्रिटेनबाट भित्रिएको भन्दै फ्रान्सले बेलायतसाग सीमा जोडिएको इंग्लिस च्यानलबाट हुने मानव आवागमनमा रोक लगाएको छ । नयां किसिमको कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राख्दै विश्वका थुप्रै मुलुकले बाँकी पृष्ठ १० मा

## असली नेकपा कसलाई भन्ने ?



पाक्षिक स्तम्भ
समर रोकाया

सत्तारुढ नेकपा अहिले दुई धारमा देखिएको छ । तीन वर्ष अघि तत्कालीन नेकपा (एमाले) र नेकपा माओवादी केन्द्र मिलेर बनेको डबल नेकपा अहिले कुन पक्षलाई आधिकारिक नेकपा भन्ने अन्योलता छाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्रको झगडा मिलाउन नसकी गएको पुस ५ गते प्रतिनिधिसभा नै भंग गरिदिए । त्यसपछि सक्लो नेकपा दुई धारमा बिभाजन हुन पुगेको छ । त्यसमा उपाध्यक्ष बामदेव पनि न्यूटल नै बसेका छन् । उनले पनि आफ्नो स्टेन्ड छुट्टै नेकपा भनेर भेला गर्ने बेला नआउला भन्न सकिन्न । प्रधानमन्त्रीले संवैधानिक परिषद् सम्बन्धी बिधेयक ल्याएसंगै भन्न विवादको उत्कृष्ट संघारमा पुगेको नेकपा प्रधानमन्त्रीले संसद नै बिघठन गरेपछि दुई चिरा मा बिभाजन भएको छ। सत्तापक्ष नेकपा प्रधानमन्त्री ओली पक्षले आफुले नेतृत्व गरेको नेकपा नै आफू आधिकारितता भनेको छ भने सत्ता बाहिर निस्किएको नेकपा प्रचण्ड-माधवसमूहले आफुनै नेकपा पार्टी आधिकारिकता भएको दाबी गरिरहेको छ। अझ त पार्टी उपाध्यक्ष बामदेव गौतमले पनि पार्टी एकता गर्ने भनेर नेकपा आफुले बचाउने बताइरहेका छन् । तर पनि निर्वाचन आयोगमा नेकपाको आधिकारिता बाँकी पृष्ठ १० मा

कसैको लोकमा छैन एकनास उन्नति। -लेखनाथ पौड्याल

कदर मिडिया प्रा.लि. द्धारा प्रकाशित

जि.प्र.का.काठमाण्डौं । द.नं: ८०/०७१/०७२

कदर पाक्षिक

अध्यक्ष/प्रधान-सम्पादक
; d/ /f]sfof

सम्पादक
तारादेवी कार्की (रोकाया)

सल्लाकार
मिनबहादुर शाही

कानुनी सल्लाकार
एन. के. बस्नेत

प्रमुख संवादाता
कृष्णबहादुर कार्की

व्यवस्थापक
अनिल बोहोरा

मुद्रण : पुष्पाञ्जली छापाखाना,अनामनगर, काठमाडौं

सम्पर्क कार्यालय
चनपा-१२, चुनदेवी, बलम्बु, काठमाण्डौं
मोबाइल : ९८४९८३०५२६, ९८४७६४५६३६, ९८१८६४५१५०
E-mail :–
kadarp792@gmail.com
kardarmida@gmail.com
kadarnews@gmail.com
Web :– www.kadarnews.com

काठमाडौं वितरक
धर्मपथ, न्यूरोड

# सम्पादकीय

## जनमत नपच्द्राको परिणाम

नेपालमा कुनै पनि राजनीतिक दललाई जनताको जनमत फापेको छैन । आज सम्मको राजनीतिक परिघटना हेर्दा कुनै पनि पार्टीको सरकार ५ वर्ष टिकेको र जनताको जनमत पनि ५ वर्ष सम्म कदर हुन सकेको छैन् ।

२००७ सालदेखि अहिलेसम्मको प्रजातान्त्रिक, पञ्चायती, बहुदल र गणतन्त्रको शासन व्यवस्था सम्म कुनै पनि पार्टीले जनताको जनमतलाई कदर गरेको देखिएन । त्यसमा त २०५८ सालको राजदरबार हत्याकाण्ड पछि राजा बीरेन्द्रको वंशनास पछि राजा बनेका उनका भाइ ज्ञानेन्द्रले पनि जनताको कदर गर्न नसक्दा सदका निम्ति बिदा हुनु परेको छ । ज्ञानेन्द्रले राजा भएको एक वर्ष नबित्दै शासनसत्ता हातमा लिएर जनताको बिचार बुझ्न नसक्दा राजतन्त्र नै सदाका लागि समाप्त हुन पुग्यो ।

२०६२/०६३ को १९ दिने जनआन्दोलन र १० बर्षे जनयुद्धको बलबाट आएको गणतन्त्रमा पनि जनताले धेरै पार्टीका धेरै नेतालाई जनमत दिएर सत्ता संचालनमा पुर्याए पनि आजसम्म जनमतको कदर नभएर बिचबाटो बाटै कुल्चिने प्रयास भएका छन् । २०४८ सालको चुनावमा नेपाली कांग्रेसलाई जनताले दुई तिहाईको जनमत दिएर ५ वर्षका लागि सत्ताको बाघडोर दिए पनि २०५१ मा आफ्नै पार्टीको विवादका कारण जनताको अभिमतलाई कुल्चदै संसद बिघठन गर्दा जनताले त्यसको परिणाम राम्रै संग दिएका छन् अहिलेसम्म पनि ।

२०५२ सालमा तत्कालीन नेकपाको अल्पमत सरकारका प्रधानमन्त्री मनमोहन अधिकारीले पनि जनताको जनमतलाई कुल्चन खोज्दा २०५४ मा पार्टी फुट्दा २०५६ को चुनावमा धुलो जटाएका थिए जनताले । गणतन्त्र स्थपाना पछि प्रतिनिभिसभाको पहिलो चुनावबाट जनताले झन्डै दुई तिहाइको नजिक पुर्याएर सजिलै ५ वर्ष सत्ता संचालन गर्न दिएको नेकपालाई आज उसलाई पनि जनताको अपार जनमत नपचेर ३ वर्ष नपुग्दै संसद बिघठन गरी जनताको मतलाई कुल्चने प्रयास गरिएको छ त्यसको पनि जनताले राम्रो सबक सिकाउने छन् ।

# गलत प्रवृत्तिको घोर बिरोध गर्दै बहिष्कार गरौं

दृष्टिकोण



सम्राट

तत्कालीन नेकपा माओवादीले उमेर नपुगेका ( बाल सेना) लाई शान्ति सम्झौता पश्चात् जनमुक्ति सेनामा भर्ती भएको भन्ने हेतुले ४००८ जना जनमुक्ति सेनाहरुलाई अयोग्यको बिल्ला भिराई ब्यारेक बाट रित्तो हात बहिर्गमन गरायो जसलाई बहिर्गमित जनमुक्ति सेना नेपाल भन्ने गरेका छौं ।

ब्यारेकबाट बहिर्गमन भइसकेपछि बहिर्गमित जनमुक्ति सेना नेपालका १० जना भन्दा बढी साथीहरुले अयोग्यको बिल्ला लागेको कारण आत्मग्लानी महसुस गर्दै आत्महत्या समेत गरेका छन् । यो कुरा सम्पुर्ण सबै साथीहरूलाई सर्वविदितै छ ।

तत्कालीन समयमा ब्यारेकबाट बहिर्गमन भएपछि साथीहरुले बहिर्गमित जनमुक्ति सेना का सदस्यहरुमा घोर अपमान भएको महसुस गरी बहिर्गमित जनमुक्ति सेना नेपाल संगठनको नाम राखेर संगठन निर्माण गरेको पनि सबैमा जानकारी नै छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण गर्नको लागि २०५२ साल फागुन १ गते देखी शंखघोष गरेको माओवादीको जनयुद्धमा ज्यानको बाजी दिदै लड्न योग्य जनमुक्ति सेनाहरुलाई शान्ति प्रक्रिया पश्चात् केही राजनैतिक स्वार्थको लागि अयोग्य भनियो । यो अपमान जनक शब्दको विरोधमा गल्ती गरेको महसुस गर्दै अधिकारको लागि सम्पूर्ण साथीहरु गोलबन्द भएको पनि हामी सबैलाई जानकारी नै छ ।

यिनै मुद्दामा झण्डै १२ वर्षसम्म हामीलाई अयोग्य किन भनियो ? हामीलाई योग्य बनाई देउ ! हामी योग्य जनमुक्ति सेना हो । भनेर निरन्तर हालसम्म सरकार, सत्ता, पार्टीसाग विभिन्न चरणका आन्दोलनहरू गरेर आएका हौ । यही आन्दोलनमा धेरै साथीहरू घाइते हुनुभएको छ, जेल पर्नुभएको छ, धेरै सदस्यहरूले आ□ना अंगहरु पनि गुमाउनु भएको छ । यी सम्पूर्ण घटना बहिर्गमित जनमुक्ति सेना को आधिकार प्राप्तिको आन्दोलनमा भएका हुन् ।

हामी सवै सदस्यहरुले उक्त आन्दोलनमा धेरै त्याग तपस्या बलिदानी गरेका छौं । विभिन्न उतार चढाव हरुसाग लड्दै दुई लाइन संघर्षलाई चिर्दै आइरहेका छौं । तर पनि संगठनको आन्तरिक विवादका कारण हुन लागेका कामहरु पनि नभएको धेरै घटना छन् वितितै छन् । साथीहरुलाई जानकारी नै होला, केही साथीहरुको संगठनमा विभिन्न खालका आचरणको कारण संगठन नै विभाजित भएको पनि थियो । विभिन्न कालखण्डमा सरकारसाग वार्ता गर्ने सवालमा केही साथीहरुले व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखेर संगठनलाई आघात पुर्याउने काम पनि भयो । सिंगो संगठनलाई आघात पुग्ने गरी केही साथीहरुले व्यक्तिगत स्वार्थमा लिप्त हुद्दा ४००८ जनालाई गुमराहमा राखी व्यक्तिगत स्वार्थ पूरा गर्न लागेका कारण धेरै अवरोध भए र संगठन तितरवितर भएको पनि सबैमा जानकारी नै होला । (जसमा हेगको हाउगुजी एक हो ।)

यतिकैमा संगठनबाट विचलित धेरै साथीहरु आफ्नो बाटो लागेका पनि हुन् । विचलित र धरासायी भएको माग, मुद्दा, आन्दोलन, संगठनलाई जसोतसो सकी नसकी बचाएर राखेर आजसम्म यो स्थितीमा पुर्याएका छौं । विभिन्न कालखण्डमा आफ्ना व्यक्तिगत काम गर्दागर्दै आफ्नो व्यक्तिगत खर्चलाई संगठनका विभिन्न कामहरुका लागि त्यागेका छौा । सर्वोच्च अदालतमा भएका मुद्दाहरूमा हप्ता/महिनैपिच्छे सर्वोच्च अदालतमा तारिक लिने सम्मका काम पनि हामीले निरन्तर गरेका छौं । राजनीति दलका नेतासंग सबाद, राज्यका बिभिन्न संवैधानिक निकायसंग कानूनी लडाई निरन्तर गर्दै आएका छौं ।

सोही क्रममा संगठनलाई बचाउनको लागि हामीलाई निकै गाह्रो परिसके पछाडि हामीले २०७६ माघ ९ र १० गते चौथो राष्ट्रिय सम्मेलन गरेर नयाा नेतृत्व चयन गर्दै, चौथो र ाष्ट्रिय सम्मेलनमा विभिन्न राजनीति दल, सरकारी तथा गैरसरकारी संघसंस्था, स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारसाग सहकार्य गरी जति सकिन्छ जसरी सकिन्छ सानातिना समस्याहरू समाधान गर्दै, विस्तारै साथीहरूको व्यवस्थापन गर्दै जाने र सहकार्य गर्दै जाने भन्ने प्रस्तावमा सर्व सहमतिले पारित गर्दै राष्ट्रिय सम्मेलन समापन गरियो ।

सोही राष्ट्रिय सम्मेलनको निर्यण कार्यान्वयन गर्ने सवालमा हामीले विभिन्न संघसंस्थाहरु, सरकार र स्थानीय सरकारमा आवेदनहरू दियौा हामी तपाईहरु साग सहकार्य गर्न चाहन्छौं भन्दै हाम्रा माग मुद्दा समाधान गर्न हामिलाई सहयोग गर्न अनुरोध गर्यौं । यही अनुरोधलाई स्वीकार्दै बिभिन्न संस्थाले हामीलाई सहयोग गर्ने प्रतिबद्धता जाहेर समेत गरें । विभिन्न प्रदेश सरकारहरु साग पनि हामीले कामहरु गर्ने सोचाइमा छौं ।

बिभिन्न संस्था, राजनीतिक दल र सरकारसंग को सहकार्यमा हामीले देशका विभिन्न ठाउामा जीविको पार्जनको लागि कृषिसम्बन्धी, स्वरोजगारको लागि सिलाइ बुनाइ ,मुडा बुन्ने , वर्कसप राख्ने ब्युटी पार्लर गर्ने लगायतका कामहरुमा ४५ भन्दा बढी साथीहरुलाई सहभागी गराएका छौं । पुराना घाउलाई बिस्तारै बिर्षदै जीविकोपार्जन र रोजगार उन्मुख गराउनको लागि विभिन्न सीपमूलक तालिम पनि दिलाएका छौ ।

यस्ता खालका कामको लागि विगतमा आएका उपलब्धिलाई एकजना व्यक्तिले वर्षौंसम्म एक्लै फाइदा लिई रहेको थियो । यो कुरा हाम्रो संगठनका पदाधिकारीहरु जानकारी भयो जसलाई निकाल्दै संगठनले सामूहिक काममा लगायौ । जसले आफ्नो पारिवारिक सदस्यलाई समेत जागिर लगाउने सपना/प्रतिवद्धता भंग भयो । त्यो चित्कार, रोदन प्रकट गर्न नसके पछि बिभिन्न माध्यमबाट गलत प्रचार गर्न लगाइयो । यो कार्य खेद जनक छ यस्तो कार्यको घोर भ्रसना गर्दछु ।

आफूले फाइदा लिन नपाएको झोकमा विभिन्न साथीहरुलाई गोटी बनाउादै रोदन पोख्दै आइरहेका छन् यो खेद जनक कार्य हो । यस्ता गलत प्रवृत्तिको सबैले घोर बिरोध गर्दै बहिष्कार गर्नुपर्छ । आन्दोलनको बिरुद्ध लाग्ने जो कोही दालाललाई कानूनी कारबाही गर्नु पर्छ । व्यक्तिगत स्वार्थलाई केन्द्रमा राखेर संगठनलाई धोका दिने व्यक्तिलाई बहिष्कार गर्नुपर्छ ।

## विचार स्तम्भ



प्रचण्डलाई धुंदाधुंदा धेरै साबुनका डल्ला र ड्रमका ड्रम पानी सकिए ।

केपी शर्मा ओली
**प्रधानमन्त्री**



'अदालत परिसरभित्र न्यायको हत्या नहोस' ।

गगनकुमार थापा
**नेता, नेकाँ**

# प्रतिगामी षड्यन्त्र सुरू भएकोले जीवन-मरणको संघर्ष गर्नुपर्ने बेला आयो

नेकपाका दुई समूहका बेग्लाबेग्लै केन्द्रीय कमिटीका बैठकहरु सम्पन्न भएका छन् । बैठकको अन्त्यमा ओली र प्रचण्ड दुबैले आ-आफ्नो समूहलाई सम्वोधन गर्दै भाषण गरे । प्रचण्ड-माधव समूहमा अध्यक्ष तथा संसदीय दलका नेता प्रचण्डले प्रतिगामी षड्यन्त्र सुरु भएको भन्दै जीवन-मरणको संघर्ष गर्नुपर्ने बेला आएको बताए ।

निर्वाचन आयोगले पार्टीको नाम र चुनाव चिन्हबारे निर्णय लिनुपर्ने बेलामा अदालतले पुस १४ गते नेकपाको नामसम्बन्धी पेशी तोकेको बताउंदै प्रचण्डले प्रतिगामी षडयन्त्रको गन्ध ह्वास्सै आएको बताए ।

दिउंसो बल्खु पुगेर मदन भण्डारीको शालिकमा माल्यार्पणसमेत गरेका प्रचण्डले गणतन्त्र र संविधानको रक्षाका लागि कार्यकर्ताहरु लाई फेरि एकचोटि संघर्षमा उत्रन आह्वान गरे । संघर्ष नगर्ने हो भने प्रतिगमनलाई रोक्न नसकिने प्रचण्डले निश्कर्ष सुनाए ।

'अहिले प्रतिनिधिसभा विघटनको सिफारिस र विघटनको स्वीकृतिसंगै जुन राजनीतिक संकट देशमा देखा परेको छ, म यसका बारेमा केही कुराहरु कमरेडहरुलाई अलि गम्भीरताका साथ ध्यानाकर्षण गराउन जरुरी ठानेको छु' बैठकको समापन मन्तव्यमा प्रचण्डले भने, म कमरेडहरुलाई जोड दिएर भन्न चाहन्छु, 'मेरो अध्ययन, विश्लेषण र घटनाक्रम नजिकबाट नियालेर हेर्दा यो पार्टीभित्रको सामान्य अन्तरसंघर्ष मात्र होइन । कम्युनिस्ट आन्दोलन र नेपाली जनताले प्राप्त गरेका उपलब्धीहरुलाई निश्तेज गर्ने र प्रतिगमनको आधार तयार पार्ने ठूलो डिजाइनअन्तरगत नै यी सबै नाटकहरु मञ्चन भएका हुन् ।

पछिल्लो राजनीतिक घटनाक्रमबारे प्रचण्डको विश्लेषण उनकै शब्दमा यहां प्रस्तुत गरिएको छ-

वामदेवले समय माग्नुभएको छ, बादललाई ल्याउन सकेनौं २३ जना फर्कनुभयो

सबैभन्दा पहिले मैले अस्तिको दिन केन्द्रीय कमिटीको बैठकलाई सम्बोधन गर्दै गर्दा अर्को बैठकसम्म त्यहाा काहीा न काहीा केही वरिष्ठ नेता कमरेडहरु, खासगरी कमरेड वामदेव गौतम र कमरेड रामबहादुर थापा बादलसमेत उपस्थित हुने आशा व्यक्त गरेको थिएं । तर, आज उहाां यहां आइपुग्नु भएको छैन ।

कमरेड वामदेव गौतमले अझै छलफल गर्ने, अझै केही समय चाहिने भनेर मेरो हिजो कुराकानी भएको छ । हाम्रो छलफल सकारात्मक दिशामा छ । आज बिहानमात्रै पनि केही कमरेडहरुले कुरा गर्नुभएको र सकारात्मक छलफल भएको सूचना अहिले भर्खरै पनि मलाई प्राप्त भएको छ ।

कमरेड रामबहादुर थापा बादलको भने अझै स्थिति क्लियर भएको मैले थाहा पाएको छैन । अब उताको बैठकमा गइसक्नुभयो भन्ने तपाईंहरुले भर्खरै थाहा पाउनुभएछ । त्यसकारण हामीले उहाालाई ल्याउन सकेनौं ।
आज यो बैठकसम्म आउंदा अस्तिका दिन उता (ओली समूह) को बैठकमा सामेल गरिनुभएका, कोही उपस्थित हुनुभएका र कोही उपस्थित नहुनुभएका मध्ये २३ जना कमरेड फर्किनुभएको छ । उहांहरुले वक्तव्य दिएर हामी त्यहां छैनौं भन्नुभएको छ ।

यो बैठकमा सहभागी आजै चारजना महत्वपूर्ण कमरेडहरु अस्ति सहभागी हुनुहुन्थेन, आज सहभागी हुनुहुन्छ । अघि नै यहां तपाईंहरुले ताली बजाएर स्वागत गरिसक्नुभयो । कमरेड शेरबहादुर तामाङ, कमरेड दिनेश पन्थी र कमरेड बादलसंग असाध्यै निकट रहेर केही वर्षदेखि काम गर्दै आउनुभएका र यसबीच कमरेड बादलसंग घनिभूत अन्तरक्रियामा हनुभएका महत्वपूर्ण दुईजना कमरेडहरु पनि आज यस बैठकमा सामेल हुनुभएको छ, ती कमरेडहरु मध्ये कमरेड कुलप्रसाद केसी सोनाम । उहां आज सामेल हुनुभएको छ, म उहांलाई पनि स्वागत गर्न चाहन्छु ।

त्यसैगरी कमरेड बादलका प्रमुख सल्लाहकारका रुपमा असाध्यै नजिक रहेर काम गर्नुभएका सूर्य सुवेदी पथिक कमरेड पनि आज यहां सामेल हुनु भएको छ । त्यसैगरी क. दावा तामाङ पनि अस्तिको बैठकमा हुनुहुन्थेन, आज उहां सामेल हुनुभएको छ । क. शेरबहादुर तामाङदेखि क. दावा तामाङसम्म मैले जति नाम लिए, सबैलाई स्वागत गर्दछु । र, २३ जना अन्य कमरेडहरु, जसले वक्तव्य दिएर यहां सामेल हुनुभएको छ, उहांहरुलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

तर, प्रतिगमनकारीहरु अनेक जालझेल षड्यन्त्र गरेर कहि न कहि आधिकारिताको विवादलाई पछाडि धकेल्ने गन्ध ह्वास्सै आएको छ कमरेडहरु ।
र, म फेरि पनि विश्वास व्यक्त गर्दछु, आउने दिनमा यो संख्या अझै बढ्दै जानेछ र स्थिति अझ पनि स्पष्ट हुादै जानेछ । तुवालो घट्दै जानेछ र सबै इमान्दार कम्युनिष्टहरु क्रान्तिकारी ध्रुवीकृत हुादै जानेछन् भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु ।

**दस्तावेज छिटै ल्याउंछु**

मैले अस्ति नै कुरा राख्ने क्रममा एउटा डकुमेन्ट वितरण गर्ने पनि मैले अभिव्यक्त गरेको थिएं । खास गरी ४० पृष्ठ लामो, ३८ पृष्ठको आरोपको खण्डन भनौं या स्पष्टीकरण या टिप्पणी राख्ने कुरा गरेको थिएं ।

हिजो तयारी गर्दा त्यो टिप्पणी र स्पष्टीकरण केपी ओलीको समेत सहभागितामा प्रस्तुत गर्ने गरी तयारी गरिएको थियो । अब केपी ओलीको अनुपस्थितिमा र यो केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्नका लागि केही परिमार्जन आवश्यक हुन गयो । त्यसले गर्दा म कमरेडहरुलाई केही दिनभित्रै छिट्टै नै त्यसलाई परिमार्जन गरेर तपाईंहरुकहाा पुऱ्याउने विश्वास म व्यक्त गर्न चाहन्छु ।

यति भनिसकेपछि हामी बैठकलाई धेरै लामो बनाउनेतिर पनि छैनौं । हामीले एजेण्डा पारित गरिसकेका छौं । संगठनको पनि र आन्दोलनको कार्यक्रम पनि हामीले निर्णय गरिसकेका छौं । हामीले संगठन र आन्दोलन परिचालनसम्बन्धी कार्यक्रम पारित गरिसकेका छौं । त्यसकारण मैले यसबारे धेरै भन्नुपर्ने केही पनि छैन ।

मैले अस्ति अलि बढी गम्भीरताका साथ केन्द्रीय कमिटीको यो बैठकको वैधानिकता, आधिकारिता, वैचारिक अथोरिटी, राजनीतिक अथोरिटीका बारेमा कमरेडहरुका अगाडि विषय गम्भीरतापूर्वक राखेको थिएं । यो पार्टी हो र अर्को जो भनिएको छ, त्यो अवैधानिक छ । राजनीतिक रुपले पनि त्यो गलत छ । आधिकारिकता र कानुनी अर्थमा पनि त्यो पार्टी होइन, त्यो गुट हो भन्ने कुरा मैले गरेको थिएं । लिडरसिपको एकीकरणको दृष्टिकोणले पनि त्यो पार्टी हुन सक्दैन, गुट मात्रै हुन सक्छ भनेको थिएं । मलाई लाग्छ, कमरेडहरु सबैले त्यो कुरालाई स्मरण गरिराख्नुभएकै होला ।

**कमरेडहरुको ध्यानाकर्षण गराउन चाहन्छु- चिज गम्भीर छ**

आज म अलि फरक ढंगले कमरेडहरुको ध्यान आकर्षित गर्न चाहन्छु । अहिले हाम्रो पार्टीमा जुन संकट देखा पऱ्यो, अहिले प्रतिनिधिसभा विघटनको सिफारिस र विघटनको स्वीकृतिसागै जुन राजनीतिक संकट देशमा देखा परेको छ, म यसका बारेमा केही कुराहरु कमरेडहरुलाई अलि गम्भीरताका साथ ध्यानाकर्षण गराउन जरुरी ठानेको छु ।

त्यो कुनै विगतमा हामीहरु पार्टी विभाजन हुने फेरि एकतावद्ध हुने संसद विघटन हुने फेरि पुनर्स्थापना हुने वा संसद विघटन हुने अनि मध्यावधि निर्वाचन हुने जो क्रम छ, त्यसकै पुनरावृत्ति होइन । म कमरेडहरुलाई जोड दिएर भन्न चाहन्छु, यो त्यस्तो छैन । यो हामी कम्युनिस्टहरुले सात दशक लामो संघर्ष र बलिदानबाट हजारौं हजारको रगत पसिना बगाएर प्राप्त गरेका उपलब्धीहरुको अपहरण गर्ने अपहणकारी र त्यसको रक्षा गर्न चाहने जनताबीचको लडाइी हो । यो एकातिर क्रान्तिको झण्डा उठाउने र फ्यााक्नेहरु बीचको लडाइ हो । यथार्थमा, हजारौं सहिदहरुको सम्मान गर्ने कि अपमान गर्ने भन्ने लडाइी हो यो ।

प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी, सबै जाली फटाहाहरुले यो पार्टी र यसले लामो संघर्ष र बलिदानबाट प्राप्त गरेका उपलब्धीहरु लाई ध्वस्त पार्न चाहेका छन् । मेरो अध्ययन, विश्लेषण र घटनाक्रम नजिकबाट नियालेर हेर्दा यो पार्टीभित्रको सामान्य अन्तरसंघर्ष मात्र होइन । यो प्रतिक्रियावादी हरुको ठूलो डिजाइन अन्तर्गत हाम्रो वैचारिक र राजनीतिक रुपमा विचलित पूर्वसाथीहरु भनौं वा साथ भनौं, विचलित साथीहरुलाई उपयोग गरेर कम्युनिस्ट आन्दोलन र नेपाली जनताले प्राप्त गरेका उपलब्धीहरुलाई निश्तेज गर्ने र प्रतिगमनको आधार तयार पार्ने ठूलो डिजाइनअन्तर्गत नै यी सबै नाटकहरु मञ्चन भएका हुन् ।

नेपाललाई संविधानसभा चुनाव र गणतन्त्रसम्म ल्याउने तपाई हामी र त्यसको नेतृत्व गर्ने हामी नेताहरुले आज सामान्य अवस्थाको जस्तो हो कि भनेर सोचियो भने दुर्भाग्य हुनेछ । नेपालमा फेरि एकचोटि ०१७ साल जस्तो प्रतिगमन वा प्रतिक्रान्तिकारी षड्यन्त्र जो मञ्चन हुादैछ, त्यसलाई सफल हुन दिने वा नदिने ? यो तपाई हाम्रा लागि, मैले हेर्दा यो जीवन-मरणको संघर्ष हो ।

हाम्रा उपलब्धीहरुको जबरजस्ती हत्या गरिएको छ । प्रतिनिधिसभाको अपहरण गरिएको छ, हत्या गरिएको छ । हामी मर्दै नमरेका मान्छेहरुलाई मरेको घोषणा गरिएको छ । इतिहासका तमाम गौरबहरु, जो हामीले हासिल गऱ्यौं, जनताका बीचमा आन्दोलन गर्दै जाादा जे प्राप्त गऱ्यौं, तिनको रक्षाका लागि एकचोटि पुरै तागतका साथ संघर्षको मैदानमा, जरुरी पर्छ भने जुझारु संघर्षको मैदानमा जानु छ । हिंसात्मक होइन, जुझारु संघर्ष ।

हामीले अहिले प्रारम्भिक आन्दोलनका कार्यक्रमहरु घोषणा गरेका छौं । तर, जस्तोसुकै मूल्य चुकाउन तयार भएर अगाडि जाने प्रतिगामीहरुको यो षड्यन्त्र र डिजाइन, इन्टरनेसनल डिजाइन पनि कहि न कहि जोडिएको छ, यो हामी बुझ्छौं । केन्द्रीय समितिमा आइसकेका तपाई हामीले इन्टरनेशनल डाइनामिक्स के छ भन्ने तपाई-हामीले बुझेका छौं ।

नेपाल भूराजनीतिक अवस्थितिका कारणले विशाल भारत र चीनको बीचमा हुनुको कारणले र अहिले विश्व शक्ति हासिल गर्न ज-जसको प्रतिस्पर्धा चलिराखेको छ, त्यो प्रतिस्पर्धा गर्नेहरुका निम्ति नेपाल असाध्यै महत्वपूर्ण रणनीतिक बिन्दु हुनुका कारणले पनि यहाा कम्युनिस्ट पार्टीको लोकप्रियता र राज्यमा नेतृत्व असैह्य भएको छ, यसलाई सिध्याउन चाहन्छन् ।

अर्को पक्ष (ओली पक्ष) लाई झुटमुट कुरा जति गरे पनि हुादोरहेछ । कति झुट बोले भन्ने झलक मैले अस्ति कमरेडहरुका अगाडि राखेको थिएं । यति झुट बोल्न सक्ने पनि हुादोरहेछ भनेर भनेको थिएं, त्यसलाई दोहोऱ्याउन चाहन्ना । तर, अहिले जे भइरहेको छ, त्यो भने यथार्थमा नेपालको कम्युनिस्ट आन्दोलन, नेपालका क्रान्तिकारी जनताले गरेको संघर्ष, बलिदान र त्यसका उपलब्धीहरुलाई अपहरण गर्ने एउटा डिजाइनमा भएकोमा म विश्वस्त छु ।
म कमरेडहरुलाई जोड दिएर आग्रह गर्न चाहन्छु, के हामी कम्युनिस्ट पार्टीलाई कम्युनिस्ट पार्टीजस्तो, श्रमजीवी जनतासाग नङ-मासुजस्तो सम्बन्ध बनाइराख्ने, जनतासंग जोडिने र आवश्यक पर्छ भने आन्दोलनको रणनीतिक रुपले तयारी गर्ने र प्रतिगमनको षड्यन्त्रलाई पराजित गरि छाड्ने संकल्प गर्न तयार छौं वा औपचारिक बैठक हो, अलिकलि कुरा गरियो, दुईरचारवटा प्रस्ताव पारित गरि यो भन्ने औपचारिकरुप मात्र दिने ? प्रश्न गम्भीर छ । यो तपाई-हामी सबैले आजसम्म प्राप्त गरेको राजनीतिक ज्ञान, उपलब्धी, परिणाम सबैको रक्षा गर्ने कि सिद्धिन दिने भन्ने सवाल पैदा भएको देख्छु म ।

विचार र संगठनका हिसाबले केन्द्रीय कमिटीको यो बैठक नै नेकपाको आधिकारिक, वैधानिक हो । तर, प्रतिगमनकारीहरु अनेक जालझेल षड्यन्त्र गरेर कहि न कहि आधिकारिताको विवादलाई पछाडि धकेल्ने गन्ध ह्वास्सै आएको छ कमरेडहरु ।

तपाईहरूले थाहा पाउनुभएको छ, हाम्रो पार्टीको नामका बारेमा (ऋषि कट्टेलको मुद्दामा) १४ गते पेशी राखिएको छ । नामका बारेमा उजुरी परेको त अढाई वर्ष भयो । अहिले आएर पेशी किन राखिए होला ? कमरेडहरू विचार गर्नुहोला ।
हामी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हौं । दुईवटा महाधिवेशन बीचको सर्वोच्च अंग भनेको यही केन्द्रीय कमिटी हो । नेकपाका ७० प्रतिशत केन्द्रीय सदस्यहरूको उपस्थिति यहां छ । तर, उता पेशीतोकिएको छ, नामका बारेमा । कमरेडहरूले पनि हेर्नुहोला, बुझ्नुहोला । मेरो विचार नाम, विचार,स्पिरिट, राजनीतिक एजेन्डा र लाइनका आधारमा हामी एकतावद्ध भएका छौं ।

हिजो हामीले एकताका बेलामा पारित गरेको राजनीतिक प्रतिवेदन र विधानअनुसार चल्ने हो हामी । राजनीतिक प्रतिवेदनमा जे मान्यता राखिएको छ, त्यसलाई स्वीकार गर्छौं । विधानमा जे व्यवस्था गरेका छौं, त्यो अनुसार चल्छौं । कुनै व्यक्ति विशेषलाई आरोप लगाउन चाहन्न । तर, काही न काही हामीलाई पूर्वएमाले र पूर्वमाओवादी केन्द्रमा फर्काउने भयानक डिजाइनअन्तर्गत त होइन यो ? तपाइहरू सबैले पनि यो विषयलाई गम्भीर रुपमा विचार गर्नुहोला । हामी यो कुराको विरोधमा छौं ।

निर्वाचन आयोगमा सबै रिटपूर्वक नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दर्ता भएको छ । हामी त्यतिबेलाका ४४१ र थपिएका चार जनासहित ४४५ जनाको नामावली बकाइदा निर्वाचन आयोगमा दर्ज छ । र, त्यसको ७० प्रतिशत हामी यहाा औपचारिक, आधिकारिक र वैधानिक ढंगले बैठक बसिरहेका छौं । भीषण संघर्ष गर्ने अवस्था आउन सक्छ । एकथरी मान्छेहरू बडो अराजक र अनैतिक तरिकाले १०० को वरिपरि केन्द्रीय सदस्य लिएर ११ सयको घोषणा गरेर जुन विचलन कम्युनिष्ट आन्दोलनमा देखा परेको छ र पदका निम्ति जता पनि दौडिने मान्छेहरूलाई आकर्षित गर्ने षडयन्त्र भएको छ, हामी त्यसलाई चुनौति दिन चाहन्छौं । पूर्वगुटतिर फर्काउने कुनै पनि षडयन्त्र हामीलाई मान्य छैन । त्यसका निम्ति जरुरी पऱ्यो भने सडकमा, अदालतमा, जहाा पर्छ जान सक्छौं । भीषण संघर्ष गर्ने अवस्था आउन सक्छ ।
मैले अस्ति पनि यहाबाट अपिल गरेको थिएं, हाम्रा आधिकारिक संस्थाहरूलाई जसले यसका बारेमा फैसला गर्दैछन्, सर्वोच्च अदालत होस् वा निर्वाचन आयोग, हाम्रो अरु केही भन्नु छैन । हाम्रो संवैधानिक व्यवस्था, कानूनी व्यवस्थाअनुसार, हामीले निर्माण गरेका नियमअनुसार काम होस् । षड्यन्त्रको कुनै पनि डिजाइनसाग नर्तसियोस् । हामीलाई निश्पक्षरुपले हाम्रो संवैधानिक र कानूनी व्यवस्थाअनुसार फैसला भए पुग्छ ।

संविधानले कहि पनि प्रधानमन्त्री वा अरु कसैलाई संसद विघटन गर्ने अधिकार दिएको छैन । यो दिउासोको घामजत्तिकै छर्लङ्ग विषयलाई पनि बडो जञ्जाल र प्रपञ्चभित्र हाल्न खोजिादैछ । के यो देशलाई राजनीतिक अराजकताको भूमरीभित्र फसाउन खोजिएकै हो त ? फेरि, निरकुशतातिर धकेल्न खोजिएकै हो त ?

संविधान निर्माण गर्ने पार्टीहरू, नेताहरू, संविधान निर्माणमा सक्रिय भूमिका खेल्ने संविधानसभाका सबै सदस्यहरूले भनिराखेका छौं- संविधान विघटन गर्ने प्रचलनले देशमा जुन राजनीतिक अस्थिरता र अराजकता आयो, विकास र समृद्धिको यात्रा अवरुद्ध भयो, त्यसको अन्त्य गरिनुपर्दछ ।

प्रधानमन्त्रीलाई संसद विघटनको विशेषाधिकार दिनुहुादैन भनेर विभिन्न विकल्पहरू बनाइएको छ । तर, त्यो विकल्पतिर जाादै नगईकन विघटन गरियो । यहां आधिकारिक पार्टी छ, प्रतिवेदन, विधान, केन्द्रीय कमिटी छ । फेरि, अर्को प्रपञ्च पनि गरिंदै छ । यो त नांगो आाखाले सजिलै देख्न सकिने कुरा छ नि ।

हामी कोही पनि शान्तिपूर्ण राजनीतिबाट बाहिर जानेवाला त छैनौं । हामी कोही भूमिगत जानेवाला पनि छैनौं । हामी कोही हिंसामा जानेवाला पनि छैनौं । हामी फेरि यही काठमाडौंमै छौं । अझै माइतीघर मण्डलाको अगाडिपट्टि छौं, अहिले । हामीले बडो खुलस्तरुपले भनेका छौं, संविधानले कल्पनै नगरेको संसद विघटन भएको छैन । हामी विघटित भएका छैनौं । जनताले निर्वाचित गरेर प्रतिनिधिसभामा पठाएका सांसदहरू कोही पनि विघटित भएका होइनौं । केपी शर्मा ओली सरकारको मात्रै विघटन भएको हो । बडो सिधा छ कुरा । यस्तो सिधा कुरा बुझ्न हाम्रा अधिकारीहरूलाई गाह्रो भएको हो र ? बुझ्न नसकिने कुरा देखिएको हो र ? थुप्रै पूर्वप्रधानन्यायाधीशहरू, न्यायाधीशहरू, नागरिक समाजका प्रतिनिधिहरू, पत्रकारहरू, सबैले भनिराखेका छन्, यो असंवैधानिक छ, अलोकतान्त्रिक छ । सदनभित्रका प्रमुख बांकी ५ पेजमा



प्रचण्ड
अध्यक्ष, नेकपा

# पाकिस्तानमा बलात्कारका दोषीलाई नपुंसक बनाउने कडा कानुन आउँदै

लाहौर । पाकिस्तानले बलात्कारका दोषीलाई नपुंसक बनाउने कडा कानुन ल्याउने भएको छ । नयां कानुनले यससम्बन्धी मुद्धामा शीघ्र सुनुवाइसंगै कडा सजायको व्यवस्था गरेको हो ।

नयां कानुनमा दोषी प्रमाणित भए रसायनिकरूपमा नपुंसकसम्म बनाउन सकिने प्रावधान राखिएको छ ।

पाकिस्तानका राष्ट्रपति आरिफ अल्बीले यससम्बन्धी अध्यादेशमा हस्ताक्षर गरेका हुन् ।

पाकिस्तानका प्रधानमन्त्रीले यस कानुनलाई अबको १ सय २० दिन भित्र संसदबाट पास गर्नुपर्नेछ । त्यसपछिमात्र कानुन कार्यन्वयनमा आउनेछ । कानुन अनुसार बलात्कार सम्बन्धी मुद्धा हेर्न फास्ट ट्र्याक अदालतको गठन गरिनेछ र सो अदालतले चार महिनाभित्र आफ्नो फैसला सुनाउन सक्नेछ ।

लाहौर घटनापछि बन्यो नयाा कानुन

आफ्ना दुई बच्चासहित लाहौरतर्फ आइरहेकी एक महिलाको राजमार्गमा सामुहिक बलात्कार भएपछि पाकिस्तानभर त्यसको विरोध भएको थियो ।

घटनाको दोश्रो दिन आफ्ना दुई सन्तानका अगाडि बलात्कृत भएकी महिला पनि घटनाका लागि केही हदसम्म दोषी भएको बयान लाहौर का शीर्ष प्रहरी अधिकारीले दिएपछि पाकिस्तानभर बलात्कारका घटनामा कडा सजायको प्रावधान सहित कानुनको चर्को माग उठेको थियो ।

यध्यपी नयाा कानुनको आलोचना पनि सुरू भएको छ । आलोचकहरूले कानुन अत्यन्तै कडा भएको र यो तयार पार्दा सरकारी अधिकारीहरूले पर्याप्त विचार(विमर्श नगरेको भन्दै आलोचना गरेका छन् ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानको सरकारले यससम्बन्धी अध्यादेशलाई गत महिना स्वीकृति दिएको थियो ।

बलात्कारीलाई नपुंसक बनाउने कानुन बनाउने पाकिस्तान पहिलो मुलुक भने होइन। विश्वमा इन्डोनेशिया, पोल्यान्ड लगायतका देशले यस्तो कानुन पहिला नै बनाइसकेका छन् ।

त्यहां बालबालिका बलात्कार गर्ने व्यस्क मानिसलाई यो सजाय अनिवार्य छ ।

पोल्यान्डले सन् २००९ मा यो कानुन बनाएको भने इन्डोनेशियाले सन् २०१६ मा बनाएको हो ।

# राष्ट्रसंघद्धारा नयाँ वर्षसँगै शान्ति स्थापनाका लागि सँगसँगै काम गरौं

संयुक्त राष्ट्रसंघ । कोरोनाभाइरसका कारण सङ्कटग्रस्त मुलुकहरुलाई नयां वर्ष सन् २०२१ लाई उपचारात्मक वर्ष बनाउन संयुक्त राष्ट्रसंघले आह्वान गरेको छ । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले विश्वका सबै समुदायलाई उपचारात्मक वर्षको रुपमा सन् २०२१ लाई मनाउन भिडियो सन्देश मार्फत् आह्वान गरेका हुन् ।



नयां वर्षको अवसरमा शुभकामना सन्देश सहितको भिडियो सन्देशमा उनले महामारीका विरुद्धमा संगसगै लड्नुपर्नेमा जोड दिएका छन्। 'आउनुहोस्, शान्ति स्थापनाका लागि संगसगै काम गरौं, सहकार्य गरौं र अवरोध तथा समस्याहरुको सामना पनि गरौं' उनले भिडियोमा भनेका छन् ।

सन् २०२० भरी कोरोनाभाइरसको महामारी चलेकाले सन् २०२१ मा यो महामारीबाट मुक्त भइसक्ने गरी काम गर्नुपर्नेमा उनले जोड दिएका छन् । कोरोनाभाइरसका कारण अहिलेसम्म संसारभरी १७ लाख ८३ हजार १०० भन्दा बढीको मृत्यु भएको छ भने आठ करोड १७ लाख ३५ हजार भन्दा बढी सङ्क्रमित भएका छन् । -सिन्हुवा

# पाकिस्तानमा भूतपूर्व बिदेश तथा रक्षा मन्त्री पक्राउ

पाकिस्तानका पूर्व विदेश तथा रक्षामन्त्री ख्वाजा आसिफ भ्रष्टाचार को मामिलामा पक्राउ परेका छन् । ख्वाजा आसिफ पूर्व प्रधानमन्त्री नवाज शरीफको पार्टी मुस्लिम लिग (नून) का वरिष्ठ नेता हुन् ।

पाकिस्तानको नेशनल एकाउन्टिबिलिटी ब्यूरो (न्याब) ले उनलाई राजधानी इस्लामाबादबाट पक्राउ गरेको हो । उनलाई आयभन्दा बढी समपत्ति राखेको भन्दै पक्राउ गरिएको हो । न्याबका प्रवक्ताले बीबीसीसागको कुराकानीमा ख्वाजालाई पक्राउ गरिएको पुष्टि गर्दै उनलाई मंगलबार राती र ावलपिन्डि न्याबको कार्यालयमा र ाखिने र बुधबार बिहान न्याब अदालतबाट ट्रान्जिट रिमान्ड हासिल गरेपछि लाहौर लगिने छ ।

## भ्रष्टाचार जघन्य अपराध हो

## कोभिड-१९ को जोखिमबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

## अर्थ समाचार

### ग्लोबल आईएमई को लिवाङमा एटीएम सेवा सुरु

लिबाङ । ग्लोबल आइएमई बैंकले आफ्नो बैकिङ सेवा सूचारा गर्ने क्रममा रोल्पा लिबाङस्थित आर्मी व्यारेक परिसरमा एटीएम सेवा सुरु गरेको छ । यस नयां एटीएम सेवा थप भएसागै ग्लोबल आइएमई बैंकको एटीएम संख्या २४० पुगेको छ ।

उक्त एटीएम सेवा खड्गदल गन, लिबाङ रोल्पा का प्रमुख सेनानी सुधिर के.सी.ले उद्घघाटन गरे । बैंकले जिल्लाको सातदोबाटो, खुमेल, बम्रुक लगायतका ग्राहकहरुलाई लक्षित गरी उक्त एटीएम सेवा सञ्चालनमा ल्याएको जनाएको छ ।

### पुस १४ सम्म बनेका सेयरधनीले लाभांश पाउने

काठमाण्डौ । नबिल बैङ्क, कृषि विकास बैङ्क र ग्लोबल आइएमई बैङ्कको लाभांश पुस १४ गतेसम्म बन्ने सेयरधनीले पाउंनेछन् । यी तिनै बैङ्कको लाभांश सुरक्षित गर्ने अन्तिम दिन (पुस १४) हो । बैङ्कले पुस २९ गते हुने वार्षिक साधारण सभा प्रयोजनको लागि पुस १५ गतेबाट सो दिनसम्म बुक क्लोज गर्दैछन् ।

नबिल बैङ्कले गत आर्थिक वर्षको नाफाबाट ३५.२६ प्रतिशत लाभांश वितरण गर्दैछ । नबिलले ३३.५ प्रतिशत बोनस सेयर र बोनसमा लाग्ने करसहित १.७६ सहित नगद लाभांश वितरण गर्न लागेको हो ।

यस्तै कृषि विकास बैङ्कले पनि गत वर्षको नाफाबाट १५ प्रतिशत बोनस सेयर र कर तिर्न ०.७८९५ प्रतिशत नगद लाभांश वितरण गर्दैछ । यता ग्लोबल आइएमई बैङ्कले १४ प्रतिशत बोनस सेयर र २ प्रतिशत नगद लाभांश गरी कुल १६ प्रतिशत लाभांश वितरण गर्दैछ ।

### प्रभु बैंकद्धारा कर्पोरेट पे प्रणाली सुरूवात

काठमाडौं । प्रभु बैंक लिमिटेडले आफ्नो संस्थागत ग्राहकहरुका निम्ति बैंक खाताबाटै डिजिटल भुक्तानी गर्न सकिने गरी 'कर्पोरेट पे' प्रणालीको सुरुवात गर्न नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसाग सम्झौता गरेको छ । उक्त सम्झौता पत्रमा प्रभु बैंकका प्रमुख सञ्चालन अधिकृत रश्मी पन्त तथा नेपाल क्लियरिङ्ग हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गरेका छन् ।

बैंकले आफ्ना व्यावसायिक ग्राहकहरुलाई प्रदान गर्ने उक्त डिजिटल प्ल्याट्फर्ममार्फत बैंकमा नगई आफैले फण्ड ट्रान्सफर, तलब भुक्तानी, भेन्डर पेमेन्ट, सरकारी राजस्व भुक्तानी लगायतका अन्य विभिन्न व्यावसायिक भुक्तानीहरु खाताबाटै सजिलै गर्न सक्नेछन् । उक्त प्रणाली

PRABHU BANK
POWER TO SUCCEED

मार्फत कनेक्ट आईपीएस अथवा एनसीएचएल आईपीएसमा रियल-टाइम वा नन-रियलटाइममा भुक्तानी कारोबारहरु गर्न सकिनेछन् ।

'कर्पोरेट पे' मा आबद्ध हुनका लागि ग्राहकले बैंकमा सम्पर्क गर्नुपर्ने हुन्छ र स्विकृती लगायतका आवश्यक प्रकृया पूरा गरी बैंकबाट सो सेवा प्राप्त गर्न सकिनेछ । यस पश्चात भने ग्राहकका प्रयोगकर्ताहरु आफैले तोकिएको सीमा कारोबार भित्र कुनैपनि भुक्तानीहरु बैंकको प्रत्यक्ष संलग्नता बिना नै गर्न सक्दछन्, भने सो सीमा भन्दा बढिको कारोबार गर्न भने बैंकले थप चेक जााच पश्चात प्रोसेस हुने व्यवस्था रहेको छ ।

यस प्रणालीमा पहुाच पाउन मल्टी लेयर अथेन्टिकेशनको सुरक्षित व्यवस्था गरिएको छ भने, कुनै पनि कारोबार प्रविष्ट गर्न र अप्रुभ गर्न ग्राहक आफैले निर्धारण गरेको आधिकारीक प्रयोगकर्ताहरुले मात्र गर्न पाउने गरी यस प्रणालीमा सुरक्षाको व्यवस्था मिलाइएको छ । साथै ग्राहकले आवश्यक्ता अनुरुप यस प्रणालीमा एक भन्दा बढी बैंक खाताहरु पनि लिन्क गरी कारोबार गर्न सकिने प्रावधान रहेको छ ।

प्रभु बैंकले सदैव आफ्ना ग्राहकहरुका निम्ति विभिन्न डिजिटल भुक्तानी प्लाट्फर्महरु प्रदान गर्दै आएको छ र यस 'कर्पोरेट पे' प्रणालीको सुरुवातले बैंकका व्यावसायिक ग्राहकहरुलाई पनि डिजिटल भुक्तानीको सेवा प्रदान गर्न थप टेवा पुग्ने विश्वास गरिएको छ । यस प्रणालीको प्रयोग र विस्तार पश्चात बैंक शाखा नपुगी विभिन्न भुक्तानी अन्लाईन नै गर्न सकिने हुादा व्यावसायिक ग्राहकहरुलाई अझ बढि सहज हुने बैंकले जनाएको छ ।

# प्रतिगामी षड्यन्त्र सुरू भएको........

राजनीतिक दलहरू हाम्रो पार्टी नेकपा, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी सबैले भनिराखेका छन्।

आन्दोलन पनि खासै भएन, अब जे गर्दिए पनि हुन्छ भन्याजस्तो कोही कोहीले भन्छन् रे भनेको पनि सुन्छु । त्यसो भएकाले कमरेडहरु चिज अलि गम्भीर छ । यो सामान्य छैन । पद निम्ति, व्यक्तिगत स्वार्थका निम्ति, उता गए केन्द्रीय सदस्य पाइन्छ कि, उता गए मन्त्री पाइन्छ कि भन्ने कोहीकोही मान्छेहरु भइराख्न सक्छन्। तर, यो आन्दोलन हो। यो पार्टी हो। यो कम्युनिष्ट पार्टी हो। हामी एउटा लक्षसहित एकता भएका हौं। एउटा मिसन लिएर एकतावद्ध भएका हौं। यो देशबाट राजनीतिक अस्थिरताको पनि अन्त्य गर्ने, विकास समृद्धि पनि समाजवाद उन्मुख, दलाल नोकरशाही र पुजीवाद उन्मुख होइन, समाजवादी मोडेल निर्माण गर्ने, समाजवादतर्फको यात्रा अगाडि बढाउने भनेर गरिएको एकता हो यो।

हिजो युद्धको अनि शान्तिको । संविधानसभाको, संविधान निर्माणका बेलामा जे भूमिका खेल्ने अवसर मलाई प्राप्त भयो। मलाई र नेता हामी सबैलाई लाग्यो- शान्तिपूर्ण, बहुदलीय प्रतिस्पर्धा, समाजवादतिरको यात्रा र नियम, कानून र विधिअनुसार चल्ने भन्ने प्रतिवद्धता गर्नेबेला आयो भनियो । र, यो राष्ट्रिय आवश्यकता हो भनेर एकता गरिएको हो।

म कमरेडहरुसाग बडो विनम्रतापूर्वक भन्न चाहिरहेको छु- ठूलो धोका भयो । ठूलो बेइमानी भयो। ठूलो जालझेल र षडयन्त्र भयो। केन्द्रीय कमिटीको दोस्रो बैठक सफल भएपछि पटक-पटक पार्टी फुटाउने षडयन्त्र गरियो। यो यथार्थ हो। यो तथ्य हो। इतिहासमा यो दर्ज भइसकेको छ। पांच मिनेट रोक्नुहोस्, म विकल्प लिएर आउादैछु भन्दा, म आउादैछु क्याबिनेट भन्दा अगाडि पार्टी बचाउने दुईवटा विकल्प लिएर आउादैछु भन्दा 'हुन्छ' भनेर पनि हत्त र पत्त गएर विघटन किन गरियो ?

म पार्टीको कार्यकारी अध्यक्ष हुनुको नाताले पार्टी एकता बचाउन पटक-पटक गरि एको धेरै नै पीडा र अपमान सहेर भए पनि बच्नु, बचाउनुपर्छ, किनभने यो व्यक्तिको कुरा होइन । यो आन्दोलनको कुरा हो, यो राष्ट्रको कुरा हो, यो जनताको कुरा हो भनेर पहल गर्दैगर्दा अन्तिम समयमा जादुगरी तारिकाले संवैधानिक परिषदको बैठक भएको छैन, पदाधिकारी नियुक्ति गरेको पनि छैन भनेर स्थायी कमिटीका झण्डै ५० जना कमरेडहरुसाग झुट बोल्ने आवश्यकता किन पर्‍यो ? गरिसक्या रहेछन् नि त । अनि, अर्को अध्यक्षले म विकल्पसहित आउादैछु, पार्टी विभाजन हुन दिन भएन भन्दाभन्दै गएर संसद् विघटन गर्न किन पर्‍यो ?

त्यसो भएको हुनाले यो सामान्य कुरा छैन। अहिले पनि शब्दजालभित्र, मैले यो कुरा त्यतिकै भनेको होइन, बुर्जुवाहरु विज्ञानपनमा, राम्रो लेभल दिनेमा, राम्रो अभिव्यक्ति दिनेमा सिपालु हुन्छन् । सर्वहाराहरु, श्रमजिवीहरु अलि भद्दा हुन सक्छन्। उनीहरुको रुपचाहि त्यति नमिल्न सक्छ। तर, उनीहरुको साहसचाहिं पवित्र हुन्छ, इमान्दार हुन्छ र वैज्ञानिक हुन्छ।

शब्दजाललाई सधैं छोप्न सकिादैन। अहिले पनि बल गरिादैछ । उहां (ओली) लाई बाध्य पारियो अरे संसद विघटन गर्न । संसद विघटन गर्नुपर्ने बाध्यता आफ्नै पार्टीभित्र थियो भने संसदमै गए हुन्थ्यो नि। मलाई यसो गरियो भने के हुन्थ्यो ? त्यता जाने लोकतान्त्रिक मार्गलाई अवरुद्ध गरेर, अपमान गरेर गर्न के खोजिएको ? जान कता पट्टि खोजिएको ? त्यसकारण कमरेडहरु, यो बैठक हामीजस्तो मोडमा बस्दैछौं। हामीलाई कुनै जालझेल र षडयन्त्र गर्नुछैन । हामी एकताका बेला पारित प्रतिवेदन र विधानअनुसार, कम्युनिष्टहरुको समाजवादी रणनीतिप्रति इमान्दार हुादै, जस्तोसुकै चुनौतीको पनि सामना गर्न तयार हुादै, जरुरी पर्छ भने फेरि जेलनेल खान पनि तयार भएर हामी अगाडि बढेको हो।

तपाईंहरुलाई कत्तिको डर लाग्या छ, मलाई थाहा छैन। फेरि जेल जान तयार हो कि होइन ? मलाई त के लागेको छ भने योपटकको लडाईं पनि चानचुने हुने छैन। यदि, यो प्रतिक्रान्तिकारी डिजाइनलाई असफल पार्ने हो भने हामीले कानूनी र मुख्यरुपमा सडकमा एकपटक फेरि जुझारु संघर्ष गर्नैपर्ने छ।

पहिले त यो हाम्रो केन्द्रीय कमिटी हो। मानसिक रुपले र भावनात्मक रुपले नेपालमा प्रतिक्रान्ति हुन खोज्दैछ, अझै भइसकेको छैन। विधिचाहिं भेन्टिलेटरमा पुगेजस्तो भएको छ । त्यसबाट फिर्ता ल्याउनका निम्ति हामी जस्तोसुकै त्याग गर्न पनि तयार छौं भन्ने संकल्प हामीले गरेका छौं। गर्छौं। फेरि सानो सानो कुरा, फेरि कच्याककच्याकमै लाग्छौं ?

आज हामीले संकल्प गर्नु छ । कमरेडहरुलाई अपिल गर्छु- मैले अहिले हाम्रो कुनै वैधानिक संस्थालाई आरोपित गरेको छैन । तर, मैले खबरदारी चाहिं गर्न चाहेको छु। खबरदार ! संविधानको अपहरण नगरियोस्।

सात दशक लामो लोकतन्त्रवादी, गणतन्त्रवादी, मार्क्सवादीहरु मिलेर गरेको संघर्षको परिणामबाट बनेको संविधानलाई अपदस्त गर्न खोजिएकै हो त ? विभिन्न जातजाति, क्षेत्र, वर्ग, लिङ्ग, समुदाय सबैको समावेशी लोकतन्त्र खोस्नै खोजिएको हो त ? विभिन्न प्रदेश र स्थानीय तहमा गएको सिंहदरबारको अधिकार खोस्नै खोजिएको हो त ?

यिनी सबै थाकिसके, बिग्रिसके, विचलित भइसके, यिनीहरुले केही गर्न सक्दैनन्, फेरि पुरानैतिर फर्काउन सकिन्छ भनेर निरङ्कुशतातिर फर्काउन खोजिएकै हो त ? यदि, त्यसो हो भने यसको मूल्य निकै चर्को पर्नेछ। हामीले जनयुद्ध, जनआन्दोलन, सशस्त्र र शान्तिपूर्ण आन्दोलनका धेरै चक्र पार गरेर आएका छौं । हामीले धेरै ठूलो त्याग र बलिदान पार गरेर आएका छौं। यो तीन सय वरपरको केन्द्रीय समिति मात्रै होइन । यो सात दशक लामो कम्युनिष्ट आन्दोलनको, क्रान्तिकारी र प्रगतिशील शक्तिहरुको तागतको केन्द्रीकरण हो।

यहांबाट जो गए, म सबैलाई आरोप त लागाउंदिना तर, जसको नेतृत्व भयो, जसले नेतृत्व गरेर पार्टीलाई विभाजित गर्ने ठाउंमा लग्यो, तिनीहरु आफैं इतिहासको रछ्यानमा मिल्काइनगयो मैले महसुस गरेको छु। त्यसकारण तिनको पछि नेपाली जनता हुन सक्दैनन् । नेपालका क्रान्तिकारी कम्युनिस्टहरु, नेपालका सामाजिक न्याय र समानमताका निम्ति लड्नेहरु कोही पनि तिनको पक्ष हुन सक्दैनन् । ढिलो छिटो सबै जाग्नेछन् । हामीले त्यसको नेतृत्व गर्न पर्नेछ।

कमरेडहरु, त्यसकारण हामीले आज सांच्चै इतिहासको यो बिन्दुमा प्रतिक्रान्तिको सामना भएको छ, हाम्रा अगाडि, प्रतिगमनको सामना भइराखेको छ हामीलाई, हामीले निरकुशतन्त्र अढाइ सय पुरानो राजतन्त्रलाई हटाएर गणतन्त्रमा मुलुक ल्याएको हो । अधिकारको अति केन्द्री करणको अन्त्य गरेर हामीले संघीयता, स्वायत्ततता र नयाा थिति कायम गरेको हो। नेपालका सबै जाति, उत्पीडत वर्ग, क्षेत्र, लिंग, समुदाय सबैको राज्यमा स्वामित्व होस् भनेर समावेशिताको एउटा नयाा मोडेल हामीले प्रस्तुत गरेको हो।

यो वाक्य मैले योबीचको संघर्षका बेलामा भनो- गोपालप्रसाद रिमालको कविता - कमाउने एउटा छ, खाने अर्कै छ। उब्जाउने एउटा छ, धनी पूर्जा सबै भन्याजस्तै बडो बृहतर राष्ट्रिय हित, बृहत्तर कम्युनिस्ट आन्दोलनको हित हेर्छौं भन्दा जानीजानी पनि यो संघीय लोकतान्त्रिक गणतन्त्र अन्तर्गतको संविधानको जिम्मा हामीले यो ल्याउनका लागि त्यति गम्भीर प्रयत्न नगर्नेको हातमा गयो, दिइएछ क्या । दिइयो । यसको मूल्य हामीले कति चुकाउनुपर्ने हो, हेर्दै जाउा। दिइयो।

मैले भन्ने गर्छु- जन्माउने एउटा परियो गणतन्त्र जन्माउने नेतृत्व, कार्यकर्ता, लडाईं लड्ने सबै त्यो गणतन्त्रको जिम्मा गणतन्त्र विरोधीलाई दिइयो क्या। हामीले भूल त्यहीं गर्‍यौं। सबै दिइएछ क्या फेरि। प्रधानमन्त्री मात्रै दिन पाएको भए पनि कम दुःख पाइन्थ्यो होला, सबै बुझाइएछ। तर, हामीले हाम्रो विचारचाहिं बुझाएका छैनौं। हामीले राजनीति बुझाएका छैनौं, एजेण्डा बुझाएका छैनौं । हामीले नेपाल राष्ट्र र नेपाली जनताप्रतिको हाम्रो जिम्मेवारी बुझाएको होइन । हामीले बृहत राष्ट्रिय एकताका लागि भनेर त्याग गरेको हो। फेरि एउटा त्याग गरेको हो, यसमा कमजोरी नठानियोस् । कमरेडहरु, संकल्पसहित भोलिदेखि आन्दोलनको जो कार्यक्रममा जाादैछौं, त्यसमा अलिकति जुझारु बनाउन सकिएन भने संसद सजिलै, संविधानमा छैन, त्यसो भएर आइहाल्छ भन्न सकिने स्थिति छैन । अस्ति-अस्ति छलफल हुन्थ्यो, हामी लिडरहरुको बीचमा छलफल गर्थ्यौं, केही कमरेडहरु भन्नुहुन्थ्यो- संसद विघटन हुनै सक्दैन नि। कहीं व्यवस्थै छैन नि। हामीले प्रष्ट गर्‍या हैन, प्रधानमन्त्रीले संसद विघटन गर्न नपाउने भनेर ? कसले सक्छ भन्नुहुन्थ्यो, मलाई डर लाग्थ्यो।

बामदेवजीले भन्नुभएको थियो क्या, स्थायी समितिको एउटा बैठकमा, मूर्खदेखि दैव डर' यो कस्तोखालको मान्छे पर्‍यो भनेर एकचोटि भाषण गर्नुभाथ्यो केपीजीका बारेमा। मलाई कहिलेकाहीं यो मूर्ख ' के भन्न सकिन्छ र ?

यो (संसद विघटन) बहादुरले गर्ने काम त होइन । मेरो विचारमा यो कायरले गर्ने काम हो । बहादुरले त बहादुरीपूर्वक संसदमा गएर ल ल्याउने हो त मेरो विकल्प भन्न सक्नपर्थ्यो नि । बहादुरी त त्यो हुन्थ्यो नि । अनि प्रतिक्रियावादीहरुको डिजाइनमा हाम्रो सार्वभौम संस्था विघटन गर्ने हदसम्मको कामलाई वीरता र बहादुरी त भनिादैन । मूर्खता र कायर ताबाहेक के भन्न सकिन्छ र ?

तर, भइ त सक्यो पोलिटिकल्ली। हामीले भनिराख्या छौं छैन। संसदीय दलमा भन्या थिएं, - हामीले मानेका छैनौं, हामी मरेका छैनौं भनेर भन्न पर्ने स्थिति आयो । मर्यो भन्या छ । मैले भन्या थिएं, लखनउमा मैले देखेको- हम जिम्दा हे भनेर प्ले कार्ड लिएर हम जिंदा हे नारा जगाउंछन् के भएको होला भनेर बुझ्दाखेरि त सम्पति खानको लागि उनका नातागोताले मरेको प्रमाणित गरेर सम्पति जति सबै लगेको रहेछ । दुई तीन सय त्यस्ता मान्छेको जुलुस - हम जिंदा हे, हम जिंदा हे । मान्छे ज्युादै छ, अड्डा अदालत गयो, ता त मरिसक्या छस् भन्छ । कहिा श्रेस्ता पनि छैन, केही पनि छैन।

अब हामी यहां ज्युादै केन्द्रीय समिति छौं। केन्द्रीय समिति हो कि होइन भन्याजस्तो। हामी ज्युादै छौं भन्नपर्ने भयो भोलि गएर। हामी सिंगै ज्युंदै छौं, हामी केही भाको छैनौं भन्न पर्यो। हामी सांसद ज्युादै छौं भन्नपर्ने स्थिति भयो। मेरो भनाइको तात्पर्य के हो भने, यो सामान्य छैन। तर, फेरि म के विश्वास व्यक्त गर्न चाहन्छु भने- तपाईं हामी यो पार्टीले, यो पार्टी अन्तर्गत रहेर हाम्रा जनसंगठनहरुले, हाम्रा तलसम्म भएका प्रदेश, नगरपालिका, महानगर पालिका, गाउंपालिकाका त्यहां रहेका पार्टी र हामी सबै संस्थाहरुले एकतावद्ध भएर दृढताका साथ अगाडि बढ्ने हो भने कुनै माइकालालको तागत छैन यो संविधान अपहरण गर्ने । म यो कुरा पनि भन्न चाहन्छु, असम्भव त छ। तर, हामीले जुझारु तरिकाले अगाडि बढेनौं भने खतराको घण्टी बज्छ । यो (संसद विघटन) बहादुरले गर्ने काम त होइन । मेरो विचारमा यो कायरले गर्ने काम हो। बहादुरले त बहादुरीपूर्वक संसदमा गएर ल ल्याउने हो त मेरो विकल्प भन्न सक्नपर्थ्यो नि । बहादुरी त त्यो हुन्थ्यो नि । त्यसकारण केन्द्रीय समितिको यो बैठकलाई गम्भीरतासाथ पहिलो चरणको आन्दोलनको कार्यक्रमले मात्रै पुग्छ भन्ने हामीलाई लाग्या छैन् । हामीले स्थायी समितिमा पनि छलफल गर्‍यौं। हामी अलि जुझारु नै खालको जानपर्ने परिस्थिति छ। दोस्रो चरणको कार्यक्रम हामी योभन्दा जुझारु ढंगले, अलि दबावमूलक दिन जरुरी छ । नत्र सात दशक लामो हाम्रो संघर्षबाट प्राप्त भएको हाम्रो उपलब्धीमाथि प्रहार भएकै छ, कडा प्रहार भएको छ । प्रतिक्रान्तिले टाउको उठाउन खोजेकै छ।

मैले पार्टीलाई अस्तिका दिन हामी सबै नेताहरु भएका बेलामा ३२४ वटा कुरा राखेको छु। एउटा त हामी सबै माननीय सदस्यहरुले हस्ताक्षर गरेर, त्यसो गर्दा झण्डै २ सय हस्ताक्षर हामीले जम्मा पार्न सक्ने अवस्थामा हामी रहेछौं। त्यो हस्ताक्षर लगेर सर्वोच्च अदालतलाई निवेदन दियो भने त्यसले एउटा अर्थ राख्छ। अत्यधिक बहुमतचाहिं यसको खिलापमा छन् भन्ने कुराको राष्ट्रिय अन्तराष्ट्रिय रुपमा बुझिने प्रमाण हुन्छ । हामीले आ-आफ्नो ढंगले गर्ने कार्यक्रम त छाादैछ, गरौं। संयुक्तरुपले गरिने कार्यक्रम पनि गरौं । संयुक्तरुपले गर्ने कार्यक्रमले दिने सन्देश अर्को हुन्छ, त्यो गरौं । अर्को, आउने दिनमा हामी यो पार्लियामेन्टलाई कसरी लैजाने र सरकार कसरी गठन गर्ने र कसरी अघि बढाउने भन्ने बारेमा पनि सोच्न थालौं । मैले यी तीन चारवटा कुरा राखेको छु र पार्टीहरूले यसलाई आ-आफ्नो केन्द्रीय समितिमा राखेर आ-आफ्नो ढंगले निर्णय गरेर अघि बढ्ने भन्ने कुरा भएको छ।

म ती पार्टीहरूलाई पनि यो मञ्चबाट गम्भीरताका साथ अपिल गर्न चाहन्छु, यो कुनै, हुन त यो भन्दाखेरि कुनै क्षेत्र वा लिंगका लागि अनुकुल नहोला। बुढा मर्‍यो भन्ने भन्दा पनि काल पल्कियो भन्ने चिन्ताको विषय हो । यो काल पल्किने कुरामा सबैजना सतर्क हुनु जरुरी छ।

यो अब कम्युनिस्ट पार्टी फुट्यो, अब चुनाव हामीले चित्छौं र अब हामी मजाले खान्छौं भन्ने सोचियो भने त्यो दुर्भाग्यपूर्ण हुन्छ। मैले भनेको छु। किनभने यो नजिर स्थापित भयो, यो संविधानअनुसार पनि प्रधानमन्त्रीले मनखुसी तरिकाले संसद विघटन गर्न सक्छ भन्ने नजिर स्थापित भयो भने, भोलि निर्वाचित भइहालियो भने पनि'.।

पहिलो कुरा त निर्वाचन हुने भन्ने कुरा नै ठूलो अनिश्चयको भूमरीमा गई नै सक्यो। त्यसैले निर्वाचनमा निर्वाचित भइहालिन्छ, के गर्नुपर्‍यो र भन्ने सोचाइ नै हाम्रो नादानी हुन्छ भनेको छु मैले साथीहरुलाई । त्यो कहाा त्यति सजिलै हुन्छ ? यो एउटा डिजाइनमा छिरिसकेपछि र गइसकेपछि त कहाा निर्वाचन हुन्छ र ? त्यसकारण त्यतातिरबाट सोच्ने होइन । त्यसकारण, भएको वा हुंदाखांदाको संसदलाई जिउादो हो भनेर स्थापित गरियो भनेदेखि मात्रै भोलि त्यस्तो नजिर दोहोरिंदैन । अन्यथा नजिर यस्तो बस्छ कि जो प्रधानमन्त्री हुन्छ, उसलाई अलिकति अप्ठ्यारो पर्‍यो कि उसले संसद भंग गराइदिन्छ। उसलाई संसदमा जानु पनि परेन, विकल्प खोज्नु पनि परेन। त्यसकारण हामी बेलैमा सचेत भएर यो रोगको निदान खोज्नुपर्छ भनिएको छ । मलाई विश्वास छ अरु पार्टीहरुले पनि गम्भीर छलफल गरेका छन् । उनीहरुभित्र पनि गम्भीर बहस भइरहेको हामीले थाहा पाइरहेका छौं । म अपिल गर्न चाहन्छु- इतिहासको यो मोडमा हामीले जसरी युद्धलाई शान्तिमा ल्याउन भूमिका खेल्यौं, जसरी विस्तृत शान्ति सम्झौता हुादै संविधान सभा र संघीय लोकतान्त्रिक गणतन्त्रसम्म नेपाललाई ल्याउन हामीले सहकार्य गर्‍यौं। यसको रक्षाका लागि यही गम्भीरताको साथ सहकार्य गर्न म नेपाली कांग्रेस, जसपा र सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, पत्रकार सबैसंग यो मञ्चबाट अपिल गर्न चाहन्छु। हिजो हामीसंगै लडेका साथीहरु, जो अहिले विभिन्न ठाउंमा छरिनुभएको छ। उहांहरुलाई पनि इतिहासको यो घडीमा हामीले यो चुनौतीको रक्षा गर्नका निम्ति एकजुट हुन अपिल गर्न चाहन्छु । हाम्रा बीचका अरु मत मतान्तर इतिहासमा हुन आंटिरहेको प्रतिक्रान्तिका अगाडि केही पनि होइन। यसकारण हामीले त्यसरी जानु छ। यस चरणको आन्दोलन पनि हामीले युद्धस्तरमा अघि बढाउनु छ । अरु सबै युद्धहरु हाम्रा लागि सहायक हुन् । संगठनलाई जीवित तुल्याउने र आन्दोलनलाई सशक्त बनाउने कुरा र यो डिजाइनलाई असफल पार्ने कुरा सर्वाधिक प्रमुख जिम्मेवारी हो हाम्रो, हाम्रो पार्टीको। त्यसैले कामरेडहरु, दिमागमा कुनै पनि किसिमका बोझहरु छन् भने हटाइदिनु। यो प्रतिक्रान्तिको खतरालाई चाहिा हामीले जसरी पनि रोक्नु छ । यसलाई हामीले रोक्न सक्यौं भने इतिहासमा हामीले फेरि एउटा नयाा कीर्तिमान कायम गर्ने पार्टीका रुपमा, आन्दोलनका रुपमा र कार्यकर्ताका रुपमा हाम्रो गौरव प्राप्त हुनेछ। म यही अपील अलि गम्भीरताका साथ राख्न चाहन्छु।

आन्दोलनको यहाा हामीले जसरी घोषित गरेका छौं, हिजोका मन्त्रीहरु एवं स्थायी समितिका साथीहरुलाई पनि आ-आफ्नो प्रदेशहरुसंग जोडिएर आन्दोलन गर्ने टीम हामीले बनाइसकेका छौं । ती कामरेडहरूलाई र जिल्लामा पनि यसको नेतृत्व गर्ने टिम बनाउने प्रस्ताव यहाा जसरी गरिएको छ, ती कमरेडहरुलाई सबै जनसंगठन र हाम्रा सबै संस्थाहरुलाई पनि इतिहासको यो घडीमा अरु सबै कामलाई थाती राखेर यो प्रतिक्रान्तिलाई रोक्ने र क्रान्तिका उपलब्धिको रक्षा गर्ने काम हाम्रा लागि 'लाइफ एण्ड डेथ' हो भन्ने बुझाउनका लागि अपील गर्छु।

फेरि अन्तिममा, केन्द्रीय समितिको यो बैठक ऐतिहासिक घडीमा सम्पन्न हुंदैछ। सम्पन्न करिब भयो । हामीले एकताका बांकी कुरा छिटै टुंग्याउनु पनि छ। तर, पहिला फेरि पनि यो प्रतिक्रान्तिको खतरालाई रोक्नु छ । त्यसमा केन्द्रीय समितिको यो बैठक र यसले दिएका निर्णय व्यवहारमा उतार्नको निम्ति आ-आफ्नो ठाउामा हिजो चाहे पञ्चायतविरोधी आन्दोलनमा होस्, चाहे राजतन्त्रविरोधी आन्दोलनका क्रममा होस्, चाहे जनयुद्धमा होस्, चाहे जनआन्दोलनमा होस्, मधेस आन्दोलन, जनजाति एकता आन्दोलन नै किन नहोस्। यी तमाम आन्दोलनहरु जे जति हामीले लड्यौं, अब त्यस्ता उपलब्धिको रक्षा गर्न त्योभन्दा कैयौं गुणा सक्रियता चाहिन्छ। कैयौं गुणा बढी त्याग गर्न तयार हुनुपर्ने खांचो छ।

मैले यो संघर्ष गर्दै गर्दा हामीले त्यतिबेला सचिवालयका पांचजना कामरेडसंग छलफल गर्दै प्रस्ताव तयार पार्दैगर्दा मैले के सोचो भने अढाइ वर्षका तीता, मीठा, पीडा, अपमान, हीनताको विरुद्ध विद्रोहको प्रस्ताव गरेको हुा । मैले कस्तो फिलिङ गरेको थिएा भने हिजो क्रान्तिकारी र अवसरवादी भनेर कहिलेकाहीं भनेर पढ्थ्यौं, मैले नेकपामा यो प्रस्ताव तयार पार्दै गर्दा नै हो कि यो ? भन्नेजस्तो फिलिङ। यसको असर कति ठूलो रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा फैलिएला भन्ने गर्दैगर्दा अहिले यहाा आउंदा त विल्कुल ठीक गरिएछ । यो मौकामा सत्यलाई स्थापित गर्ने र उद्घाटित गर्ने साहस सचिवालयको टीमले गरेछ। नत्र त हामीलाई मन्द विष पिलाएर मार्न पो खोजिएको रहेछ। अहिले मलाई त्यस्तो महसुस भइरहेको छ।

त्यसैले कामरेडहरु, अहिलेको यही स्पिरिटमा जाऔं । हामी चरणवद्ध कार्यक्रम, अर्को चरणको कार्यक्रम अघि प्रवक्ताज्यूले पनि भन्नुभयो, हामी अलि सशक्तै हिसाबले जाऔं। नेपालबन्दसम्मै पनि पुग्न सक्छौं। तर, कडा कार्यक्रममा नगएसम्म हुादैन। होइन भने हामी क्रान्तिकारी रहादैनौं । हामी कम्युनिस्ट रहादैनौं । हामीले हाम्रा उपलब्धिहरुको रक्षा गर्न सक्दैनौं। साहस गरौं, दिमागका गाााठाहरु सबै फुकाऔं । हाम्रो यो अहम र प्राथमिक काम हो । हामी एकजुट होऔं, केन्द्रित होऔं र दृढ होऔं।

यही अपील गर्दै यो ऐतिहासिक बैठक यही सम्पन्न भएको घोषणा गर्दछु।

(नेकपा अध्यक्ष प्रचण्डले आज केन्द्रीय कमिटी बैठक समापन पछिको बोल्नु भएको बिचार)

# धुंदाधुंदा साबुनका डल्ला र ड्रमका-ड्रम पानी सकिए - प्रधानमन्त्री



काठमाण्डौ । नेकपा ओली समूहले आयोजना गरेको सुदूरपश्चिम स्तरीय भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी ओली समूहका अध्यक्ष केपी शर्मा ओलीले अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई धुादाधुादा धेरै साबुनका डल्ला र ड्रमका ड्रम पानी सकिएको टिप्पणी गरेका छन् ।

ओलीले प्रचण्डको ध्यान जहिल्यै कसरी कब्जा गर्ने भन्ने ध्यान रहेको बताए । आफूले मित्रताले हंगालो हाल्दा प्रचण्डले धृतराष्ट्रलले जस्तो अंगालो मारेको उनले बताए । षड्यन्त्रकारी राजनीति छाड्नुस्, धोका बेइमानी नगर्नुस् भनेर आफूले तीन वर्ष सम्झाएको भन्दै उनले भने, 'तीन वर्षमा डोब साबुनका धेरै डल्ला खर्च भए, ड्रममा ड्रम पानी खतम भयो उहांलाई धुंदाधुंदा । तर पनि उहांलाई सफा गर्न सकिन ।

# सुर्खेतमा नेकपा प्रचण्ड-माधवको शक्ति प्रदर्शन

सुर्खेत । हालै मात्र बिभाजित भएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को प्रचण्ड-माधव समूहले सुर्खेतमा आज आफ्नो 'शक्ति प्रदर्शन' गरेको छ । संसद विघटनको विरोधमा प्रदेश राजधानी वीरेन्द्रनगरमा 'शक्ति प्रदर्शन' गरेको हो ।

वीरेन्द्रनगरको मंगलगढी चौकबाट सुरु भएको विरोध र्‍याली बजार परिक्रमा गर्दै पिपल चौतारामा पुगेर सभामा परिणत भएको छ । सभामा नेकपा प्रचण्ड-माधव समूहकी नेतृ रामकुमारी झांक्री लगायतका नेताहरुको सहभागिता रहेको नेकपा सुर्खेतका सचिव कृष्ण जिसीले जानकारी दिए । प्रदर्शनमा सहभागीहरुले 'संसद विघटन खारेज गर', 'तानाशाह केपी ओली मुर्दावाद', 'ओली तेरो पाराले दुःख पाए साराले जस्ता नारा लगाउँदै विरोध प्रदर्शन गरेका थिए । सभामा नेकपा प्रचण्ड,माधव समूहको उल्लेख्य सहभागिता रहेको थियो ।



# प्रतिनिधिसधा बिघठनबिरुद्धमा बिरोधमा उत्रन काँग्रेसको निर्देशन

काठमाण्डौ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेको विरोधमा प्रदर्शनमा उत्रन कार्यकर्तालाई निर्देशन दिएका छन् ।

देशभरका १६५ निर्वाचन क्षेत्रबाट प्रधानमन्त्री ओलीको कदमविरूद्ध प्रदर्शन गर्ने कांग्रेसले जनाएको छ । प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा भंग गरेर वैशाखमा चुनाव तय गरेका थिए । सरकारको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा भंग र वैशाखमा चुनावको मिति तय गरेकी हुन् ।

प्रधानमन्त्री ओलीले संविधानमै नरहेको व्यवस्थाअनुसार प्रतिनिधि सभा भंग गरेको भन्दै कांग्रेसले उक्त कदम असंवैधानिक भएको बताइरहेको छ । प्रधानमन्त्रीको कदमविरूद्ध सर्वोच्च अदालतमा पनि रिट परेका छन् ।

प्रधानमन्त्री ओलीको कदम असंवैधानिक ठहर गरे पनि कांग्रेसभित्र अहिले नै आन्दोलनमा जाने कि सर्वोच्चको आदेशपछि भन्नेमा मतभेद थियो ।

केन्द्रीय समिति बैठकमा वरिष्ठ नेता पौडेल पक्षले आन्दोलनमा गइहाल्न भनेका थिए भने सभापति देउवा पक्षका केन्द्रीय सदस्यले चुनाव हुन सक्ने भन्दै तयारी गर्नुपर्नेमा पनि जोड दिएका थिए ।

पुस १९ गतेसम्म केन्द्रीय समिति बैठक स्थगित गरेर कांग्रेसले सोमबार सडक प्रदर्शन गर्न लागेको हो। उक्त प्रदर्शन गर्न सभापति देउवा र पौडेल एकै ठाउामा उभिएका छन् ।

बेग्लाबेग्लै अपिल जारी गर्दै देउवा र पौडेलले प्रदर्शनमा सक्रियतासाथ उत्रन कार्यकर्तालाई निर्देशन दिएका छन् । प्रदर्शनमा सक्रिय सहभागिताका लागि म सबैमा हार्दिक अपिल गर्दछु,' देउवाले भनेका छन् ।

प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गर्नु असंवैधानिक र अलोकतान्त्रिक ठहर गरिसकेको देउवाले उल्लेख गरेका छन् । 'संविधानमा भएको व्यवस्था प्रतिकूल, जनभावना विपरीतको कार्यविरूद्ध कांग्रेस एकमतका साथ उभिएको छ,' देउवाको भनाइ छ । उनले पार्टीका सदस्य, शुभचिन्तक र सबै लोकतन्त्रवादी लाई विरोध प्रदर्शनमा सहभागी हुनसमेत आग्रह गरेका छन् ।

'असंवैधानिक र अलोकतान्त्रिक कदमविरूद्ध ऐक्यवद्धता प्रकट गर्न अपिल गर्दछु,' देउवाले भनेका छन् । वरिष्ठ नेता पौडेलले प्रधानमन्त्री ओलीमा संविधानवाद र लोकतन्त्रउपर विश्वास रहेको नदेखिएको बताएका छन् ।

संविधानका मर्म र भावनाविपरीत हुने गरी प्रधानमन्त्री ओलीले कदम चालेकोले विरोधमा उत्रनु परेको उनले बताएका छन् ।

'कामचलाउ प्रधानमन्त्रीले मन्त्रिमण्डल हेरफेर गरेर संवैधानिक मर्यादाको उलंघन गर्नुभयो। अब हामीलाई उहाले देशमा सहिसलामत चुनाव गराउनु हुन्छ भन्ने विश्वास छैन,' पौडेलले भने ।

## कृषि समाचार

# ऊखु किसान र सरकारबीच ४ बुंदे समझदारी

काठमाण्डौ । १६ दिनदेखि आन्दोलतरत उखु किसान र सरकारबीच चार बुादे समझदारी भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्तामा सरकारले किसानहरुले चिनी मिलहरुबाट पाउनुपर्ने र कम २१ दिनभित्र दिलाउने प्रतिवद्धता जनाएको छ ।

यससंगै सर्लाही लगायतका जिल्लाबाट आएर काठमाडौंको माइतीघरमा धर्ना बसेका उखु किसाहरु आन्दोलन रोक्न तयार भएका छन् । 'उद्योगीको बैंक खाता रोक्का गर्ने, यात्रामा प्रतिबन्ध लगाउने र २१ दिनभित्र सबै रकम भुक्तानी नभए जयजेथा राज्यले लिएर किसानलाई पैसा दिने समझदारी भयो' उखु किसान संघर्ष समिति सर्लाहीका संरक्षक राकेश मिश्रले भने । भएको सहमतिमा उखु किसानहरुको बक्यौता उठाउने जिम्मा मन्त्रालयले लिएको छ । साथै उखु किसानका अन्य समस्या समाधान गर्न अध्ययन कार्यदल गठन गर्ने सहमति भएको छ ।

कार्यदलको जिम्मेवारी पनि सहमति पत्रमै किटान गरिएको छ, जसअनुसार बक्यौता रकमबारे किसानले गरेको दाबी र चिनी उद्योगीको दाबीबारे अध्ययन गरेर कार्यदलले सुझाव पेश गर्नेछ भने सरकारले तोकेको समर्थन मूल्य किसानले पाए नपाएको पनि हेर्नेछ । उखु तथा चिनीको उत्पादन, बजारीकरण, अनुदान रकम भुक्तानी, सुख्खा कट्टी जस्ता विषयमा किसान तथा उद्योगीले भोगेको समस्या पहिचन गरी अल्पकालीन तथा दीर्घकालीन समाधानका लागि सुझाव पेश गर्ने र किसानले मिलमा उखु बुझाएपछि पैसा तिर्ने समय अवधि किटान गर्ने विषयमा पनि सुझाव पेश गर्न भनिएको छ ।

१० सदस्यीय कार्यदलमा उद्योग, अर्थ, गृह, कृषि मन्त्रालयबाट एक-एक जना, उखु किसानबाट ३ जना, चिनी उत्पादक संघबाट एक र उखु किसान संघर्ष समितिबाट दुई जना प्रतिनिधि रहनेछन् ।

# रहरले गरेको खेतीमा मासिक १२ लाख कमाई

माग्दी, गलेश्वर । दुई भाइ र छोरा अमेरिका, बुहारी जापान । घरमा प्रशस्त पुर्ख्यौली सम्पत्ति । घरमा चार जनाको सानो परिवार । म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटको सानालेखका ४६ वर्षीय धुर्व थापालाई नपुग्दो केही छैन ।

बागलुङ बजारमा घर र बगरफांटको जग्गा अरूले नै प्रयोग गरिरहेका छन् । अमेरिका र जापानमा रहेका भाइ, छोरो र बुहारीबाट मासिक १२ लाख रूपैयां भन्दा बढी थापाको हातमा पर्छ तर, थापालाई भाइ र छोरा बुहारीले विदेशमा कमाएर पठाएको १२ लाखले फुर्मासी र घमण्डी बनाएन । बरू उनीहरूले विदेशमा दुःख गरेर पठाएको पैसा बचत गरिदिने र घरखर्चलगायत आफ्नो व्यावहारिक जीवन चलाउन आफ्नै माटोमा पौरख गर्ने जाागर सिकायो । त्यो भन्दा पनि बढी थापाकै देखासिकीमा गाउंका युवाले सानालेखमा तरकारी फलाऊ अभियान चलाएर आफौ स्वावलम्बी बनेर गाउंको मुहार नै फेर्न सफल भए ।

थापाले दुई वर्षअघि रहरैरहरले सुरू गरेको बेमौसमी तरकारी खेतीले अहिले उनलाई व्यावसायिक मात्रै बनाएन सरल स्वभावका पौरखी 'अर्गानिक' कृषकको परिचय पनि दियो । थापाले सानालेखको आफ्नो घर नजिकै रहेको सात रोपनी बारीमा विभिन्न थरिका बेमौसमी तरकारी खेती गर्नुभएको छ ।

अठार वर्ष विदेशमा बसेर आफौ पनि प्रशस्त पैसा कमाएका थापाले दुई वर्षअघि रहरैरहरमा गरेको तरकारी खेतीबाट अहिले वार्षिक तीन लाखभन्दा बढी कमाइ गर्दै आएका छन् । उनको बारीमा अहिले काउली, बन्दा, खुर्सानी, धनियां, गोलभोडा, रायो सागलगायतका बेमौसमी तरकारी लटरम्मै फलेका छन् ।

'मैले दुई वर्षअघि तीन रोपनी जग्गामा बेमौसमी तरकारी खेती शुरु गरेको हा', थापाले भने, 'अरूको देखेर रहरैरहरले सुरू गरेको तरकारी खेतीले अहिले मलाई व्यावसायिक बनायो, आम्दानी पनि राम्रै हुन थालेको छ ।

थापालाई अहिले तरकारी खेतीबाट भएको आम्दानीमा नै रस बस्न थालेको छ । थापाकै देखासिकी गरेर गाउंका १० युवाले पनि व्यावसायिक तरकारी खेतीको सुरूवात गरेका छन् । थापालाई यसैमा आत्मसन्तुष्टि मिलेको छ । मैले गरेको बेमौसमी तरकारी खेती देखेर गाउंका अरू भाइहरूले पनि सुरू गरेका छन् । उनीहरूले पनि राम्रो कमाइ गरिरहेका छन् ।

दुई वर्ष अघिसम्म करेला, स्कुस, सिमीलगायतका परम्परागत रैथाने तर कारीबाहेक अरु तरकारी खान मनलागे बजारबाट किनेर ल्याउनुपर्ने बाध्यतामा रहेका सानालेखवासीका बारीमा अहिले विभिन्न किसिमका बेमौसमी तरकारी लटरम्मै झुलेका छन् ।

स्थानीय हरिप्रसाद शर्मा भन्छन्, 'अहिले त गाउाको रौनक नै फेरिएको छ, रहरैरहरमा ध्रुवजीले गरेको तरकारी खेतीले गाउालेलाई गर्न जानेपछि हुंदो रैछ त भन्ने बनाएको छ । अहिले हाम्रो गाउं बेमौसमी तरकारी खेतीको 'हब' नै बनेको छ । सानालेखका हरि शर्मा, महेन्द्र थापा, नारायण शर्मालगायतका १० युवाले अहिले व्यावसायिक तरकारी खेती सुरू गरेका छन् । उनीहरूले तरकारी बेचेर एक सिजनमा दुई लाख रूपैयांभन्दा बढी आम्दानी गर्दै आएका छन् । (रासस)

## प्रतिनिधिसभा बिघठनमा परेका रिटको सुनुवाई संवैधानिक इजलासमा

काठमाण्डौ। संसद विघटन सम्बन्धी सर्वोच्च अदालतमा परेका रिटको सुनुवाई संवैधानिक इजलासमा पठाइने भएको छ। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जवराको एकल इजलासले प्रारम्भिक सुनुवाई गर्दै यो मुद्दा संवैधानिक इजलासबाट टुंगो लगाउने आदेश दिएको हो। राणाको इजलासले अन्तरिम आदेश दिन भने अस्वीकार गरेको छ। रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरु शम्भु थापा, टीकाराम भट्टराई गोविन्द वन्दी, कृष्ण भण्डारी कञ्चनकृष्ण न्यौपाने लगायतले बहस गरेका थिए। उनीहरुको बहसपछि प्रधान न्यायाधीश राणाले पठाउने संविधानसाग जोडिएको विषय र वैधानिक प्रश्न उठको भन्दै संवैधानिक इजलासमा पठाउने आदेश दिएका हुन्।

संवैधानिक इजलास शुक्रबार बस्ने र सोही दिन सुनुवाइ हुने भएको छ।

## आफुले रोजेको केटासँग विवाह गर्दा युवतीको हत्या

खोटाङ। आफैले रोजेको केटासंग प्रेम विवाह गर्दा साकेला गाउापालिका-१ बाझ्र्ेच्यानडाडास्थित सेखुवाकी २६ वर्षीया सकुन्तला राईको हत्या भएको छ।

पटकपटक आफूले रोजेको केटासाग विवाह गर्न आग्रह गर्दै आएका ठूलो बुबाका छोरा सञ्जीव राईले बहिनी सकुन्तलाको हत्या गरेको खुलासा भएको हो। करिब सात वर्षदेखि प्रेम सम्बन्धमा रहेकी सकुन्तलाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-९ निर्मलीडांडाका २६ वर्षीय दिनेश कटवालसाग प्रेम विवाह गरेकी थिइन्।

विवाह गरेको तीन दिनपछि सोमबार दाजु सञ्जीवले बहिनी सकुन्तलाको घरैबाट उनलाई जङ्गलमा लगेर हत्या गरेको खुल्न आएको हो। हत्या हुनुभन्दा अघिल्लो राति दाजु सञ्जीवको फोनबाट पटकपटक धम्की आइरहेको र बिहान आफौ हाम्रो घरमा आएर सकुन्तलालाई लगेर हत्या गरेको उनका श्रीमान् दिनेशले बताए।

हाम्रो घरायसी व्यवहार छ भन्दै दाजु सञ्जीवले सकुन्तलालाई साथैमा लगेर जानुभयो। घरबाट हिडेको केही समयपछि नै सकुन्तलासंग फोन सम्पर्क नभएपछि खोजतलास गर्दा सेखुवा र निर्मणलीडांडाको सिमानामा पर्ने साप्सुखोला नजिकैको जङ्गलमा हत्या भएको अवस्थामा फेला पर्यो' उनले भने।

भिनाजुको घरबाट हिडेको करीब एक घण्टामै दिदीको हत्या भएको हुनसक्ने सकुन्तलाका भाइ समीर राईले बताए। 'दाजु सञ्जीवले दिदीलाई जङ्गलमा लगेर कुट्दै गरेको भेडा गोठालाले देखेका रहेछन्। आफूले रोजेको केटासंग विवाह नगरी अर्कै केटासाग विवाह गरेको झोकमा हत्या गरिएको छ। हत्यामा संलग्न दाजु सञ्जीवलाई कडाभन्दा कडा कारवाही गरियोस्' उनले भने।

विद्यालय तहको अध्ययन गर्दादेखि नै प्रेम सम्बन्धमा रहेका दिनेश वैदेशिक रोजगारीको सिलसिलामा तीन वर्ष मलेशिया बसेर हालै घर आएका थिए। भाइ समीरका अनुसार सकुन्तला प्रेमी दिनेश वैदेशिक रोजगारीको सिलसिलामा मलेशिया रहेको समयमा काठमाडौमा सिलाइकटाइ पेशा गर्दै आएकी थिइन्।

केही समय अगाडि मात्रै माइतीघर सेखुवा आएकी सकुन्तलाले आफूसंग पनि दाजु सञ्जीवले 'मैले रोजेको केटासाग विवाह गर्नुपर्छ' भन्दै दबाब दिने गरेको जानकारी दिएको भाइ समिरले बताए।

सकुन्तलासाग तीन दिन अघिमात्र विवाह गरेका दिनेशले पनि श्रीमतीको हत्यामा संलग्नलाई कडा कारवाही गर्न माग गरेका छन्। घटनामा संलग्न राईलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक नारायणप्रसाद चिमरियाले बताए।

घटनाका बारेमा अनुसन्धान भइरहेको छ। हत्यारा नियन्त्रणमा रहेकाले केही समयपछि सत्यतथ्य सार्वजनिक गरिनेछ उनले भने। दाजुको कुटाइबाट ज्यान गुमाएकी सकुन्तलाको शरीरको विभिन्न भागमा चोट तथा नीलडाम देखिएको आफन्तले बताएका छन्।

उत्तिसको लाथ्रो (लौरो) ले हानेर हत्या गरिएकी सकुन्तलाको शव जिल्ला अस्पताल खोटाङमा परीक्षण गरेपछि माइतीपक्षले जिम्मा लिएर दाहसंस्कार गरेको छ।

## बेलायतबाट नेपाल आउन रोक

काठमाडौं। नेपाल नागरिक उड्डयन प्राधिकरणले बेलायतबाट नेपाल आउन रोक लगाएको छ।

कोरोना भाइरसको संक्रमण फेरि बढेको भन्दै बेलायतबाट आउने वा ट्रान्जिट भएर आउने यात्रुलाई नल्याउन प्राधिकरणले एयर लाइन्सहरुलाई निर्देशन दिएको हो।

राति १२ बजेदेखि अर्को सूचना नभएसम्मका लागि यो निर्णय लागू हुने छ।

पछिल्लो समय बेलायतमा कोरोना संक्रमण फैलिएपछि विभिन्न मुलुकहरुले यात्रा प्रतिबन्ध लगाएका छन्।

## प्रतिनिधिसभा भंगको समाचारले मर्माहत भएको छु -पूर्वराष्ट्रपति

काठमाण्डौ। पूर्वराष्ट्रपति रामवरण यादवले प्रतिनिधिसभा भंग भएको घटनाले आफू मर्माहत भएको बताएका छन्।

प्रतिनिधिसभा संसद विघटन हुनु संवैधानिक र नैतिक रूपमा पनि गलत भएको उनको भनाइ छ।

त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहलाई सोमबार सम्बोधन गर्दै पूर्वराष्ट्रपति यादवले मुलुकमा पछिल्लो समय भइरहेको संवैधानिक तथा राजनीतिक घटनाले आफू दुःखी र मर्माहत भएको बताएका हुन्।



'मलाई संसद भंग गर्ने हिजोको घटनाले मर्माहत र दुःखी बनाएको छ। राष्ट्रपति र प्रधानमन्त्रीको कदम संवैधानिक र नैतिक रूपमा पनि मिलेको छैन,' उनले भने, 'अदालतले यस विषयमा ध्यान जाओस्।'

आइतबार प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस गरेपछि राष्ट्रपतिले अनुमोदन गरेकी थिइन्।

सरकारले वैशाख १७ र २७ गते चुनावको मितिसमेत घोषणा गरिसकेको छ।

भोको नबसौ स्वस्थ रहौं

**शिक्षा समाचार**

## कक्षा १२ को परीक्षामा छुटेका बिद्यार्थीको परीक्षा आजबाट

काठमाण्डौ। कोरोना महामारीका कारण यसअघि परीक्षामा सहभागी हुन नपाएका कक्षा १२ का विद्यार्थीले अब परीक्षा दिन पाउने भएका छन्। उक्त परीक्षा पुस १६ गतेदेखि सुरू हुने राष्ट्रिय परीक्षा बोर्डले आज सूचना निकालेर जानकारी दिएको छ।

गत मंसिर ९ गतेदेखि १६ गतेसम्म कक्षा १२ को परीक्षा भएको थियो। कोरोना लागेका कारण कतिपय विद्यार्थी परीक्षामा सहभागी हुन पाएका थिएनन्। कतिपयले पूरै विषय त कसैले कुनै कुनै विषय मात्रै परीक्षा दिएका थिए। यसअघि परीक्षामा छुटेका विषयहरूको परीक्षा पुस १६ गतेदेखि सुचारू हुने बोर्डले जनाएको छ।

परीक्षा छुटेको जानकारी बोर्डमा दिएका विद्यार्थी परीक्षामा सहभागी हुन हुने बोर्डको भनाइ छ। परीक्षाको समयतालिका बोर्डको वेवसाइटमा राखिएको छ। यो परीक्षा विद्यार्थी पढेकै विद्यालयबाट दिन सक्नेछन्।

## त्रिभुवन बिश्वबिद्यालयका आंशिक प्राध्यापक आन्दोलित

काठमाण्डौ। त्रिभुवन विश्वविद्यालयमा कार्यरत आंशिक प्राध्यापकहरु आन्दोलनमा उत्रेएका छन्। देढ दसकदेखि कार्यरत रहंदासमेत विश्वविद्यालयले पेशागत सुरक्षाको ग्यारेन्टी नगरेको भन्दै उनीहरु किर्तिपुर स्थित केन्द्रीय कार्यालयमा धर्नामा बसिरहेका छन्। उनीहरुले सरकार र विश्वविद्यालयले पटक-पटक सम्झौता गर्ने र कार्यान्वयन गर्न वेवास्ता गरेको आरोप लगाएका छन्।

विश्वविद्यालयको कक्षा र परीक्षा बहिस्कार गर्दै निर्णायक आन्दोलनमा उत्रिएको उनीहरुको भनाइ रहेको छ।

त्रिभुवन विश्वविद्यालयमा आवद्ध आंशिक प्राध्यापकको व्यवस्थापनका लागि २०७४ सालमा शेरबहादुर देउवा नेतृत्वको सरकारले १ हजार ४ सय २० दरबन्दी स्वीकृत गरेको थियो। त्यसपछि बनेको सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाले जारी गरेको श्वेतपत्रमा समेत सो विषय समावेश छ। तर हालसम्म पनि दरबन्दी अनुसार आंशिक प्राध्यापकहरुको व्यवस्थापन हुन नसकेको आंशिक प्राध्यापक माया थापाले बताइन्।

अहिले विश्वविद्यालय अन्तर्गत देशभरका ६१ आंगिक क्याम्पसका प्राध्यापकहरु उपकुलपति कार्यालय केन्द्रित आन्दोलनका लागि काठमाडौंमा जम्मा भएका छन्। आंशिक प्राध्यापकहरुको सबै भन्दा ठूलो गुनासो विभेदपूर्ण ज्याला रहेको छ। अन्य प्राध्यापक सरहका सेवा सुविधा पाउनुपर्ने, प्राज्ञिक उन्नयनको अवसर पाउनुपर्ने, पेशागत स्थायीत्व हुनुपर्ने, एक शैक्षिक सत्र पूरा गरेका आंशिक प्राध्यापकलाई शिक्षण सहायकसरह सेवा सुविधा पाउने गरी करार ग्यारेन्टी गर्नुपर्ने माग उनीहरुले राखेका छन्।

स्वास्थ्य नै ठूलो धन हो

# COLD OF WINTER

*लिकुमारी शर्मा*
*(बस्याल)*



Winter is cold.
It is faith to have wet.

Warm clothes are needed.
Warm fire is needed.

Warm sunshine is needed.
Warm clothes are counted.

Expensive clothes are needed.
Warmness is there.

Cold is bitter to bring disease.
Snow is shining in the Himalayas.

Mist is covering to Terai.
It is dangerous.

It is fearful.
Clothes are needed.
Winter is cold and beautiful too.

# जीवा लामिछानेको देश देशावर सार्वजनिक

जीवा लामिछानेको दोस्रो नवीनतम कृति 'देश देशावर'ले सामाजिक सञ्जालमा मात्र हैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियामा पनि निकै हलचल मच्चाएको छ । कोरोना महामारीका कारण विश्व नै अस्तव्यस्त भएर भ्याक्सिन निकाल्ने होडबाजी चलिरहेका बेला सार्वजनिक गरिएको यो पुस्तकले नेपाली साहित्यिक क्षेत्रमा छुट्टै अस्तित्व कायम गरेको देखिन्छ । सामान्यतः विगतका वर्षलाई नियाल्ने हो भने दसैं तिहार र त्यसपछिका दिनमा बजारमा नेपाली चलचित्रको निकै चर्चा चल्ने गरेको पाइन्छ। पुस्तक प्रकाशनको दृष्टिकोणले दसैं तिहार पछिको समयलाई बेमौसमको रूपमा हेरिने गरिन्छ । तर जीवाजीको 'देश देशावर 'का लागि भने यो नियम लागू भएन । कोरोना सङ्क्रमणका कारण मौन रहेको चलचित्र क्षेत्रको स्थानमा जीवा लामिछानेको 'देश देशावर'ले खुबै चर्चा पायो । कलाकार, साहित्यकार, र राजनीतिकर्मीदेखि देश विदेशमा रहने धेरै नेपालीहरुले किताब पढे, किताबको बारेमा चासो राख्दै सामाजिक सञ्जालमा आफ्ना भावना पोखे ।

मैले पनि किताबको चर्चा चल्ने वित्तिकै चासो राखो । किताब हात पऱ्यो अनि भर्खर भित्र्याएको बेहुलीलाई जस्तै सर्वत्र नियाले । २० वटा विषयसूचीलाई दुई सय दस पृष्ठमा समेटिएको रहेछ । अनि दुईवटा औंलाले घुम्टो उघार्ने प्रयास गरे 'लस भेगास : मनोरन्जनको राजधानी' बाट ।

सबै चाहना तृप्तिपछिको अनुहार कस्तो हुन्छ ? कसैले तिमीलाई सोध्यो भने देखाइदेऊ आफ्नो अनुहार र भनिदेऊ यस्तो...
सुरुमा नै यी हरफहरु राखिएका रहेछन् । करिब पाँच मिनेट यिनै हरफमा रुमल्लिए अनि सुरु भयो घुम्टो उघारेपछिको बाँकी कार्य । जुवातास खेलेर टाट पल्टिएर बेखर्ची भएर घर फर्किन नसकेको अवस्थामा पुगेका मानिसको अवस्था देखि सात वर्षको योजना चार वर्षमा नै सम्पन्न गरिएको प्रसङ्ग निकै चाख लाग्दो लाग्यो। त्यसको कारण पनि रहस्यमय नै छ । त्यो योजनामा जुन पुरुषहरुले काम गरेका थिए । तिनीहरुका कोही केटी साथी थिएनन् रे । त्यसैले त्यो सम्भव भएको रहेछ । अनि मैले एकछिन् घोल्लिएर सोचे के साच्चै हो त ? उत्तरहरु धेरै पाए तर मनमै राख्न उचित ठाने ।

यसपछि फेरि विषय सूचीतर्फ लागो र रोजे '१९९७ भर्सेस २०१३' जसमा हङ्कङको सेरोफेरो समेटिएको रहेछ । जुनबेला म स्वयं पनि हङ्कङलाई कर्मथलो बनाउदै सङ्घर्ष गरिरहेको थिएा । सन् १९९७ जुलाईबाट ब्रिटिस शासित हङ्कङ आर्थिक तथा प्रशासनिक स्वायत्तता हङ्कङकै अधीनमा रहने गरी चीनलाई हस्तान्तरण गरियो । सन् १९९६ देखि हङ्कङमा नेपालीहरुको ओइरो लाग्न थालेको हो । सुरुमा हङ्कङको एयरपोर्टमा नै भिसा उपलब्ध हुन्थ्यो भने पछि धेरै नियम परिवर्तन गरिए र नेपालीहरुले निकै सास्ती खेप्नुपर्यो जुन आफ्नै कारणले । नेपालीहरुले पाएको बहादुरी र इमानदारितालाई सही सदुपयोग गरिएको भए सायद यस्तो अवस्था अवश्य आउने थिएन । नेपालीहरुको ठूलो जमघट भएको हङ्कङ सन् २००६ बाट पातलिदै गयो । कारण ब्रिटिस नेप्लिज ओभरसिज (बीएनओ) पाएपोर्ट भएकाहरुलाई आवश्यक प्रक्रिया पूरा गरी ब्रिटिस सरकारले बेलायत बस्ने सुविधा स्वरूप सम्पूर्ण कागजपत्र त्यही नै उपलब्ध गरायो । जसको पहिलो लट अर्थात सन् २००६ को उत्तरार्द्धतिर म स्वयं नै बेलायततिर पलायन भएा । यसपछि बिस्तारै हङ्कङबाट नेपाली बेलायततिर प्रस्थान गर्न थाले । फलस्वरूप हङ्कङमा नेपालीहरुको सङ्ख्या निकै पातलो बन्न बन्यो ।
यसपछि अर्को दिन 'वीरेन्द्र बियरसाग संवाद' भन्ने शीर्षकलाई चयन गरे । हुन त यसबारेमा पहिले पनि अध्ययन गरिसकेको थिए । तर जुनबेला वीरेन्द्र बियरको चर्चा सुरु भएको थियो त्यसकै सेरोफेरोमा म स्वयंले नियात्राकार जीवाजीसंग जर्मनमा उहाँकै होटल 'गोथे'मा पुग्ने सौभाग्य पाएको थिएं । कुराकानीमा प्रसङ्ग चल्यो, जीवाजीले मैले पनि वीरेन्द्र बियर ल्याएको छु भन्नुभयो । सबैले चाख्ने इच्छा जाहेर गरियो । त्यसबेला युरोप अमेरिका लगायत विभिन्न मुलुकका गैरआवासीय नेपालीहरुको जमघट भएको थियो ।

सबैका हातमा वीरेन्द्र बियरका बोतल थिए। कसैले अन्य बियरभन्दा फरक र हेको अनुभूति पोख्दै थिए। 'बोतल चाहिं नफाल्नु है' जीवाजीको यो भनाइले एउटा नेपाली उखानको याद आयो 'हिङ नभए पनि हिङ बाधेको टालो'। सबै मख्ख हुादै फेसबुकमा वीरेन्द्र बियर को चुस्की सहितको पोस्ट राख्न थाले तर यो मामलामा पहिलो त म स्वयं थिएं। आखिर 'बिरालो कालो होस् वा सेतो मुसा मारे त भइगयो नि'। यस प्रसङ्गलाई मैले यहां भन्दा बढी भेद खोल्न चाहिना । यसरी यो अध्याय पढ्दा म स्वयं पनि पात्र भएको महसुस भने पक्कै गरे ।

यति मात्र हैन बढी कफी पिउने हल्यान्ड होस या बढी दूध पिउने फिनल्यान्ड नै किन नहोस् श्रीमती बोकेर दौडिने प्रतियोगितामा श्रीमतीको तौल बराबर को बियर पुरस्कार पाउने बियर पारखीले मोटी श्रीमती बोकेर दौडिएको पीडा उत्तिकै रोचक छ। यस्ता थुप्रै र माइला प्रसङ्गहरु छन् जसका लागि 'देश देशावर'लाई अध्ययन गर्नेपर्ने हुन्छ ।

'देश देशावर'को घुम्टो उघारेपछि बिस्तारै बिस्तारै समय मिलाएर सबै अङ्ग प्रत्याङ्ग अर्थात सम्पूर्ण आकृतिको नै अनुभूति गर्ने अवसर मिल्यो । अक्षरको माध्यमबाट यस पुस्तकले संसारको अनुभूति गराउने मात्र हैन सम्बन्धित ठाउाको यात्रा, भूगोल, राजनीति, इतिहास र वर्तमान लगायत क्षेत्रलाई समेत समेटिएको हुंदा यस पुस्तकको पाठकको दायरा पनि थप फराकिलो भएको छ ।

पुस्तकको बीचबीचमा रमाइला भनाइहरुलाई पनि समावेश गरिएको छ । जस्तो, 'तिमी जहा जान्छौ, पूर्ण रूपमा मन र मस्तिष्क बोकेर जाऊ । त्यस्तो यात्रा मात्र सार्थक हुन्छ ।' कन्फ्युसियसको यो भनाइ जस्ता थुप्रै सान्दर्भिक प्रसङ्गहरुले पाठकलाई थप ऊर्जा थपिदिएको छ । तर यात्रामा वर्णन गरिएका धेरैजसो विषयवस्तु निकै विलासी देखिएका छन् । जसले गर्दा सम्बन्धित स्थानको गहिराइसम्म पुग्न छुटेको हो कि जस्तो भान हुन्छ। हुन त आ□ना यात्राका क्रममा लेखिएको दैनिकी अर्थात डायरीलाई सङ्कलन गरेर नियात्रा सङ्ग्रहको रूपमा प्रस्तुत गरेको नियात्राकारले स्पष्ट पारि सक्नुभएको छ । यद्यपि आगामी शृङ्खलामा यस्ता क्षेत्रलाई पनि समेट्न सकेमा अझ प्रभावकारी हुनसक्ने देखिन्छ । प्रकाशित दुई पुस्तकहरुमा अक्षरमार्फत देश भ्रमण गराउन खोजिएको छ । आशा छ भविष्यमा आउने सम्भावित नियात्रा सङ्ग्रहमा सम्बन्धित मुलुकका सान्दर्भिक तस्बिर हरु पनि प्रकाशित हुनेछन् र पाठकहरुले थप अनुभूति महसुस गर्नेछन् ।

जीवाजी आफैमा जति सरल हुनुहुन्छ उहांको पुस्तकका भावना र शैली पनि उत्तिकै सरल र सहज छन्। जीवाजीसंग म स्वयंले पनि सरसर्ती संसारका क्रममा विभिन्न देश देशावरमा समेत रुमल्लिने अवसर पाएको हुंदा मैले उहांलाई नजिकबाट नियालेको छु। जुन स्थानमा जीवाजीसाग घुमिन्छ त्यो ठाउाको मनोरम दृश्यको मात्र हैन त्यहांको इतिहास र वर्तमानबारे पनि भुक्तभोगी बनिन्छ। त्यति मात्र हैन उहाांको रुचि हरेक क्षेत्रमा भएको हुादा जो कोही व्यक्ति पनि सजिलै घुलमिल हुन सक्छन्। चितवन जिल्लाको पदमपुरमा जन्मिएर मस्कोबाट इन्जिनियरिङ गर्नुभएका जीवाजी हाल जर्मनलाई कर्मथलो बनाएर सफल व्यवसायीको रूपमा परिचित हुनुहुन्छ । साहित्य र समाज सेवाप्रतिको लगाव, झुकाव र योगदान उत्तिकै सह्रानीय छ। अध्ययन, भ्रमण र लेखनमा बढी रुचि राख्ने भएका कारण नै उहांका दुइवटा नियात्रा सङ्ग्रह प्रकाशित भइसकेका छन् ।

विक्रम संवत् २०७३ सालमा प्रकाशित 'सरसर्ती संसार' नामक नियात्रा सङ्ग्रह पनि निकै लोकप्रिय रह्यो । जुन पुस्तकको २२० पेजभित्र २९ देशको बारेमा व्याख्या गरिएको छ। पुस्तकको मूल्याङ्कनको बारेमा राष्ट्रकवि स्व. माधव घिमिरेले भन्नुभएको छ, 'यो यात्रावर्णन पढ्दा नेपाल बाहिरका नेपालीको साहित्य, संस्कृतिप्रति निष्ठा देखेर गदगद हुन्छौ।' त्यस्तै पाठकले पनि नियात्राकार सागै विभिन्न देश आफै पुगेको अनुभूति गर्ने सत्यमोहन जोशीले भन्नुभएको छ ।

गैरआवासीय नेपाली सङ्घका संस्थापक सदस्य तथा पूर्व अध्यक्षसमेत र हिसक्नुभएको जीवा लामिछानेको एनआरएनएमा निकै ठूलो योगदान छ । त्यसो त उहाले नेपालमा पनि सानिमा बैङ्क, कान्तिपुर टेलिभिजन लगायत जलविद्युत्, अस्पताल र कलेजमा लगानी गर्नुभएको छ। आफ्नै जन्मस्थल पदमपूरका नामबाट पद्मश्री साहित्य पुरस्कार र पद्मश्री साहित्य सम्मानको स्थापना गर्नुभएको छ ।

अध्ययनका क्रमममा मस्को पुगेर त्यहांबाट नै व्यावसायिक यात्रा सुरु गर्दै त्यसैलाई निरन्तरता दिने क्रममा दुईवटा नियात्रा सङ्ग्रह प्रकाशित भइसकेका छन्। यसले पाठकलाई घर ैमा बसीबसी विभिन्न मुलुकको यात्रा, भूगोल, राजनीति, संस्कृति, इतिहास र वर्तमानलाई अनुभूत गराउन सफल भएको छ ।

## पर्यटन समाचार

# रेनु थापाको नेतृत्वमा टेवानको नयाँ कार्यसमिति चयन

काठमाण्डौ । पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) को तेस्रो वार्षिक साधारणसभा एवं दोस्रो अधिवेशनले रेनु थापाको अध्यक्षतामा नयां कार्यसमिति सर्वसम्मत निर्वाचित भएको छ ।

सङ्घको उपाध्यक्षमा कमला गिरी, महासचिवमा शोभा पाण्डे, सचिवमा प्रभा सुवेदी र कोषाध्यक्षमा शोभा अधिकारी पौडेल रहेका छन्। त्यस्तै सदस्यहरूमा पार्वती पौडेल, ईश्वरी पौडेल, कमला गुरुङ, अनिता खड्का (भट्टराई), शान्ता तिमल्सिना (सुवेदी) र सरिता क्षेत्री रहेका छन् ।

यसअघि साधारणसभा एवं अधिवेशनको उद्घाटन गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना कहर का कारण समस्यामा परेको पर्यटनलाई जोगाउनु अहिलेको आवश्यकता भएको बताए । व्यवसायलाई दीगो राख्न सरकार ले ल्याएको मौिक नीतिको समानुपातिक एवं प्रभावकारी कार्यान्वयन अपरिहार्य भएको उनले उल्लेख गरे ।

टेवानका अध्यक्ष लक्की कार्की क्षेत्रीले दीगो पर्यटनका लागि समान सहभागिता भन्ने नाराका साथ महिला पर्यटन व्यवसायी सङ्गठित बनेको बताए। कोरोनाको कहरले पर्यटन क्षेत्रमा अतुलनीय क्षति पुऱ्याए पनि आगामी दिनका लागि धेरै पाठ सिकाएको उनले बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष विमला भण्डारी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल, टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेल, पश्चिमाञ्चल होटेल सङ्घका अध्यक्ष विकल तुलाचन, टेवानका उपाध्यक्ष रेनु थापा, महासचिव कमला गिरी लगायतले कोरोनाका कारण प्रभावित पर्यटनलाई पुनःउत्थान गर्नु अहिलेको आवश्यकता भएकामा जोड दिए ।

# प्रहरी र विप्लव समूहबीच गोली हानाहान

काठसंखुवासभा । संखुवासभामा प्रहरी र विप्लव समूहबीच गोली हानाहान भएको छ । दिउंसो सवा ३ बजे चैनपुर नगरपालिका-४ मैदानेमा गस्तीमा गएको प्रहरीको टोलीमाथि गोली प्रहार गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय, प्रहरी नायब उपरीक्षक (डिएसपी) नवराज मल्लका अनुसार सुरूमा एपिएफसहित खटिएको प्रहरी टोलीमाथि गोली प्रहार भएको हो । एपिएफसहित हाम्रो २०(२५ जनाको टोली नियमित गस्ती गएको थियो,'उनले भने,'गस्ती गएको टोलीमाथि विप्लव समूहले गोली प्रहार गरेर जंगलतिर भागे । उनका अनुसार विप्लव समूहका कार्यकर्ताले ४(५ राउन्ड गोली प्रहार गरेका थिए । त्यसबाट कसैलाई क्षति नपुगेको प्रहरीले जनाएको छ ।

प्रहरीले पनि जवाफी फाइरिङ गरेको डिएसपी मल्लले बताए । 'हाम्रो टोलीले पनि १५-२० राउन्ड गोली प्रहार गरेको थियो । अहिलेसम्म कोही घाइते भएरनभएको खबर आइसकेको छैन,'उनले भने,'हाम्रो टोली चेकपोष्टहरूमा अहिले खटिएको छ ।

# हुम्लाको लिमीमा केटी पाउन कठिन

हुम्ला । हुम्ला जिल्लाको हिमालपारिको गाउा लिमीमा केटालाई विवाह गर्न कठिन हुन थालेको छ । जिल्लाबाट बाहिर विशेषगरी काठमाडौं र भारतमा यहांबाट अध्ययन गर्न गएका युवती गाउा फर्कन इच्छुक नभएपछि केटालाई विवाह गर्न समस्या पर्न थालेको हो । नाम्खा गाउंपालिका-६ को हिमालपारिको गाउा लिमीका हल्जी गाउंका स्थानीय सोन्दोर्जी तामाङले लिमीमा केटालाई विवाह गर्न समस्या हुन थालेको बताए ।

उनले सानैमा जिल्लाबाहिर जाने तथा गुम्बामा 'टोपेनी' हुन जाने युवतीले गाउंमा आउन नमानेपछि केटालाई विवाहको समस्या हुन थालेको उल्लेख गरे । पहिले गाउंमा बहुपति प्रथाका कारण केटी अविवाहित बस्नुपर्ने अवस्था थियो । अहिले भने जिल्लाबाहिर गएका युवती गाउं फर्कन नमानेका कारण युवालाई विवाहको समस्या पर्न थालेको स्थानीयवासीको भनाइ छ ।

लिमीमा प्रचलित 'बहुपति र नेलु प्रथा'बाट आजित भएका युवतीहरू बुझेर नै यी प्रथाप्रति वितृष्णा व्यक्त गर्न थालेको स्थानीय राङडोल तामाङले बताए । यही समस्याबाट मुक्ति पाउन लिमी गाउाबाट अध्ययन गर्न गएका युवती गाउा फर्कन नमान्ने उनले जानकारी दिए । गाउंमा आए बहुपति प्रथा स्वीकार गर्नुपर्ने, यो नस्वीकारे नेलु स्वीकार गरेर बस्नुपर्ने अवस्था छ ।

दुवै प्रथा विकृति हुन् भन्ने बुझेका युवतीहरू गाउंमा आए समस्या हुने भएपछि गाउं आउनै नमान्ने बिना तामाङले बताइन् । युवती गाउंमा नआएपछि केटालाई विवाह गर्न समस्या भइरहेको वडाध्यक्ष पाल्जोर तामाङले बताए । लिमीका १४७ घरधुरीमा एक हजार दुई सय जनसङ्ख्या रहेको छ ।

# गण्डकी प्रदेश सरकार संकटमा

पोखरा । प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन भए संगै विभाजन हुन पुगेको नेकपाको प्रत्यक्ष असर अहिले प्रदेश सरकारमा परेको छ । प्रदेश सरकार परिवर्तनको रुपरेखा समेत देखिन थालेका छन् । संघीय सरकार र ६ वटा प्रदेश सरकारको नेतृत्व गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको द्वन्द्व व्यवस्थापन गर्न नसक्दा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि देशमा राजनीतिक हलचल बढेको हो ।

पछिल्लो समय नेकपा दुई ध्रुवमा विभाजित छ । एक पक्षले अर्को पक्षमाथि कारवाहीको होड चलिरहेको छ । यही परिस्थितिको सिकार अब प्रदेश सरकारहरु हुने प्रस्ट संकेत देखिएको छ । नेकपा दुई धारमा विभाजित भएसंगै गण्डकी प्रदेश सरकारको अस्तित्व धरापमा परेको छ । ६० सदस्य रहेको गण्डकी प्रदेशसभामा सरकार गठन वा टिकाउन ३१ मत आवश्यक पर्छ ।

मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ ओली पक्षका हुन् । त्यसैले प्रदेशसभामा उनले अविश्वासको प्रस्ताव सामना गर्नु परेमा सरकार ढल्ने खतरा देखिएको हो । प्रदेशसभामा नेकपाका ४० सांसदमध्ये पूर्व एमालेतर्फका २८ सांसद छन् । ती २८ मध्ये पनि बागलुङका प्रदेशसभा सदस्य इन्लाल सापकोटा माधव नेपाल पक्षका हुन् । सापकोटाले नेपाल पक्ष नछाड्ने प्रस्ट पारिसकेका छन् । यो अवस्थामा प्रदेश सभामा ओली पक्षका २७ सदस्यमात्र पुग्छन् ।

प्रदेशसभामा पूर्व माओवादी पक्षका १२ र माधव नेपाल पक्षका एक गरी प्रचण्ड-नेपाल पक्षमा १३ जना पुग्छन् । यस अतिरिक्त कांग्रेसका १५, राष्ट्रिय जनमोर्चाका ३ र जनता समाजवादीका २ सांसद प्रदेश सभामा छन् । त्यसैले अब गण्डकी प्रदेशसभामा सरकार टिकाउन वा ढाल्न साना दलको भूमिका महत्वपूर्ण हुने देखिएको छ ।

राष्ट्रिय जनमोर्चाले प्रधानमन्त्री ओली नेतृत्वको संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको अवस्थामा प्रदेशसभामा उसले ओली पक्षलाई सघाउने सम्भावना कमै देखिन्छ । अर्कोतिर जसपा नेपाल पनि प्रधानमन्त्री ओलीको कदमको विरोधमा सडकमै उत्रिसकेको हुनाले उसले पनि प्रदेश सरकार टिकाउन सहयोग नगर्ने आकलन गरिएको छ ।

# बागमती प्रदेशसभाका मुख्यमन्त्री बिरुद्ध अविस्वासको पत्र दायर

भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध प्रदेश सभा सचिवालयमा अविश्वास को प्रस्ताव दर्ता भएको छ ।

नेकपाका ४५ जना सांसदको हस्ताक्षरसहित शुक्रबार अविश्वास को प्रस्ताव दर्ता भएको सांसद सालिकराम जमरकट्टेलले सेतोपाटी लाई जानकारी दिए । उनीहरूले अष्टलक्ष्मी शाक्यलाई मुख्यमन्त्री बनाउन माग गरेका छन् ।

अविश्वास प्रस्ताव दर्ता भएसागै आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमरकट्टेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरूणप्रसाद नेपाल र सामाजिक विकास मन्त्री युवराज दुलालले राजीनामा दिएका छन् ।

मुख्यमन्त्रीकै कारण प्रदेश सरकारले जनअपेक्षा अनुसार काम गर्न नसक्ने निष्कर्ष निकाल्दै तीन मन्त्रीले राजीनामा दिएका छन् ।

केन्द्रमा प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक रूपमा प्रतिनिधि सभा विघटन गरेपछि त्यसको असर प्रदेशमा पनि देखिन थालेको हो ।

नेकपा ओली, पुष्पकमल दाहाल र माधवकुमार नेपाल समूहमा बाांडिएपछि मुख्यमन्त्री पौडेल अल्पमतमा परेका थिए ।

# जिप दुर्घटना एक को मृत्यु

बैतडीमा जिप दुर्घटना हुादा १ जनाको मृत्यु भएको छ ।

धनगढीबाट छुटेको से १ ज ८४३ नम्बरको बलेरो जिप सुर्नया गाउापालीका-७ आलुगैरामा दुर्घटना हुादा चालक बभाङको बुङ्गल नगर पालिका -११ बस्ने २६ वर्षीय धनबहादुर बोहराको मृत्यु भएको हो ।

दुर्घटनामा ३ जना घाइते भएका छन् ।

बैतडीको पुर्चौडी नगरपालिका ४ का ३५ वर्षीय जनकराज भट्ट, ४० वर्षीय गंगादत्त भट्ट र बभाङको चिरबिस्थडका २७ वर्षीय हरिश बोहरा घाइते छन् । बोहरा बाहेकका २ जनाको अवस्था गम्भीर रहेको छ ।

### काठमाडौंमा ११ वर्षीया बालिका बलात्कार आरोपमा भारतीय पक्राउ

भारत घर भई कामपना बस्ने ४५ वर्षीय मुजबिल अन्सारीलाई प्रहरीले पक्राउ गरेको हो । बालिकालाई बलात्कार गरेको भन्ने खबर पाएपछि महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले अन्सारीलाई पक्राउ गरेको थियो ।

## जीवनशैली समाचार

# जांडो मौसममा यस्ता खालका खानपिनले फाइदा दिन्छ

एजेन्सी । धेरैजसो मानिसहरुलाई दिनभरी कुनै न कुनै बेला थकान महसुस हुन्छ । शरीरमा ऊर्जाको कमीका कारण यसको असर दैनिक कामकाजमा समेत पर्छ । तपाईं के र कति मात्रामा खानुहुन्छ यसको असर पनि पूरा दिनको क्रियाकलापमा पर्छ । खानपिनका केही कुराले पोषक तत्वका साथै शरीरलाई तुरुन्त ऊर्जा दिने काम पनि गर्छ । आउनुहोस्, आज त्यस्ता खानेकुराबारे कुरा गरौं जुन खांदा तपाईं दिनभरी सक्रिय रहनुहुनेछ ।

**केरा:**
ऊर्जाका लागि केरा सबैभन्दा राम्रो खाना मानिन्छ । केरा कार्ब्स, पोटासियम र भिटामिन बीसिक्सको निकै राम्रो स्रोत हो । यी सबै तत्वले शरीरमा ऊर्जाको स्तर बढाउने गर्छ ।

**शख्खरखण्ड:**
स्वादिष्ट हुनुका साथै सखरखण्डले शरीरमा ऊर्जा बढाउने काम पनि गर्छ । एक कप सख्खरखण्डमा २५ ग्राम कार्ब्स, ३.१ ग्राम फाइबर, २५ प्रतिशत म्यागनिज र भिटामिन ए को राम्रो मात्रा हुन्छ । सख्खरखण्डमा पाइने फाइबर र कार्ब्सलाई पचाउन समय लाग्छ त्यसैले यो खाना खाएको धेरै पछिसम्म पनि शरीर सक्रिय रहन्छ ।

**अण्डा:**
अण्डा ऊर्जाको सबैभन्दा राम्रो स्रोत मानिन्छ । अण्डा प्रोटिनले भरपुर हुन्छ जसका कारण तपाईंले पूरा दिन ऊर्जावान् महसुस गर्नुहुन्छ । यसका साथै अण्डामा पाइने अमिनो एसिड ल्यूसिनले पनि थुप्रै तरिकाले शरीरलाई ऊर्जा प्रदान गर्ने काम गर्छ । अण्डामा पाइने भिटामिन बीले खानालाई ऊर्जालाई परिवर्तन गर्ने काम पनि गर्छ ।

**स्याउ:**
स्याउमा कार्ब्स र फाइबर भरपुर मात्रामा पाइन्छ । मध्यम आकारको स्याउमा लगभग १४ ग्राम कार्ब्स, १० ग्राम सुगर र २.१ ग्राम फाइबर पाइन्छ । यसमा पाइने प्राकृतिक सुगर र फाइबरले शरीरमा ऊर्जाको स्तर बिस्तारै बढाउने काम गर्छ र शरीर लामो समयसम्म ऊर्जावान् रहन्छ । स्याउमा एन्टिअक्सिडेन्ट पनि राम्रो मात्रामा हुन्छ, यसले पनि शरीरलाई ऊर्जा दिने काम गर्छ ।

*डार्क चकलेट:*
साधारण र मिल्क चकलेटको तुलनामा डार्क चकलेटमा कोको अलि बढि पाइन्छ । कोकोमा पाइने एन्टिअक्सिडेन्टले रक्त सञ्चार बढाउनुका साथै शरीरलाई विभिन्न तरिकाले फाइदा पुर्याउंछ । यसले दिमाग र मांसपेशीको कार्यक्षमता पनि बढाउने गर्छ । डार्क चकलेटले शारीरिक साथै मानसिक थकानलाई पनि टाढा राख्छ र मुड पनि राम्रो बनाउंछ ।

**चुकन्दर:**
चुकन्दरले पनि शरीरमा ऊर्जाको स्तर बढाउने काम गर्छ । शोधमा पत्ता लागे अनुसार चुकन्दरमा पाइने एन्टिअक्सिडेन्टले रक्त सञ्चारलाई तीव्र बनाउंछ । चुकन्दरमा पाइने नाइट्रेटले शरीरमा नाइट्रिक अक्साइड बढाउंछ । यसका कारण तन्तुले बढी अक्सिजन पाउंछन् त्यसैले शरीर मा ऊर्जाको स्तर बढ्ने गर्छ ।

**ओटमिल:**
ओटमिलले शरीरलाई अत्यधिक फाइदा पुर्याउने गर्छ । यो खाएको धेरै बेरसम्म पनि तपाईंले ऊर्जावान् महसुस गर्नुहुन्छ । यसमा बिटा ग्लूकान नामको घुलनशील फाइबर हुन्छ जुन पानीसाग मिलेर शरीर भित्र एउटा गाढा जेल बनाउने काम गर्छ । पाचन तन्त्रमा यो जेल हुने भएकोले चााडै भोक पनि लाग्दैन । ओटमिल भिटामिन र मिनरल्सले भरपुर हुन्छ जसले शरीरमा ऊर्जा बढाउने काम गर्छ ।

**कफी:**
धेरै मानिसहरु थकान उतार्न र मुड राम्रो बनाउनका लागि कफी पिउंछन् । कफीले तुरुन्त ऊर्जा दिने काम गर्छ । कफीमा पाइने क्याफिनले स्नायू प्रणालीलाई शान्त पार्ने काम गर्छ । कफी पिउंदा शरीरमा एपिनेफ्रिन हर्मोन बन्द जसले शरीर र दिमागलाई क्रियाशिल बनाउंछ । कफी पिउादा सुस्तता हट्छ । यद्यपि, यसको बढी सेवनले शरीरलाई हानी पुर्याउने गर्छ ।

**ब्राउन राइस:**
ब्राउन राइसमा पोषक तत्व भरपूर मात्रामा पाइन्छ । सेतो चामलको तुलनामा यो कम प्रोसेस्ड हुन्छ । यसमा फाइबर, भिटामिन र मिनरल्स बढी पाइन्छ । आधा कप ब्राउन राइसमा २ ग्राम फाइबर र राम्रो मात्रामा म्यागनिज पाइन्छ, यसले कार्बोहाइड्रेट र प्रोटिनलाई ऊर्जामा बदल्ने काम गर्छ । ब्राउन राइसले ब्लड सुगर पनि नियन्त्रणमा रहन्छ ।

**स्ट्रबेरी:**
स्ट्रबेरीलाई राम्रो र ऊर्जा बढाउने फल मानिन्छ । स्ट्रबेरी खाादा शरीरले कार्ब्स, फाइबर र सुगर पाउाछ जसले तपाईंको ऊर्जाको स्तरलाई थप बढाउने काम गर्छ । एक कप स्ट्रबेरीमा १३ ग्राम कार्ब्स, ३ ग्राम फाइबर र भिटामिन सीको राम्रो मात्रा हुन्छ । स्ट्रबेरी खांदा थकान पनि हट्छ ।

## केपी ओलीले...

उहां (प्रधानमन्त्री ओली) ले देशमा सहिसलामत चुनाव गराउनु हुन्छ भन्ने पनि विश्वास छैन । बरु न्यायमूर्तिहरुबाट असंवैधानिक कदमलाई सच्चाइ लोकतन्त्रको जगेर्ना हुनेछ भन्ने विश्वास गर्दछु,' पौडेलले विज्ञप्ति निकालेर उल्लेख गरेका छन् ।

प्रधानमन्त्री ओलीमा संविधानवाद र लोकतन्त्र उपर विश्वास रहेको नदेखिएको पनि पौडेलको भनाइ छ ।

'प्रधानमन्त्री ओलीको संविधानवाद र लोकतन्त्र उपर विश्वास रहेको देखिएन । उहांले हालै लगातार चालेका तीनवटै कदम संविधानको मर्म र भावना विपरित छन् । संवैधानिक परिषद अध्यादेश ल्याएर ओलीले लुकीचोरी काम गरेको आरोप लगाए ।

'अध्यादेशद्धारा संवैधानिक परिषदको ऐन संशोधन गरेर कार्यकारिणीलाई स्वेच्छाचारी बन्न रोक्नुपर्ने आयोगहरु आफू अनुकूल बनाउने लुकिचोरी काम गर्नुभयो ।

पौडेलले संविधानले नदिएको अधिकार प्रधानमन्त्री ओलीले प्रयोग गरेको भन्दै थपेका छन्, 'संविधानले बहुमतको प्रधानमन्त्रीलाई दिंदै नदिएको अधिकार प्रयोग गरेर लोकतन्त्रको आत्मामा प्रहार गर्नुभयो । कामचलाउ मन्त्रीमण्डल हेरफेर गरेर संवैधानिक मर्यादाको उल्लघन गर्नुभएको टिप्पणी गरेका छन् । प्रधानमन्त्री ओलीका कदम सच्याउन देशैभरि प्रदर्शन गर्ने उनले बताए ।

## नेकपा..

छैन, नेपाली जनताले क्षमा दिने छैनन्', प्रचण्डको सर्त थियो ।

यदि, ओली नसच्चिए आफ्नो तर्फबाट कुनै पहलकदमी नहुने पनि दुवै नेताले प्रष्ट्याए । 'भीरबाट लडेर मर्ने गोरुलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिँदैन', नेपालको भनाइ थियो ।

प्रचण्ड र नेपालजस्तै स्वरमा झलनाथ खनाल र अष्टलक्ष्मी शाक्यले पनि ओलीलाई तानाशाहीको आरोप लगाए । 'बालुवाटार पुगेको दिनदेखि पार्टी बिर्सनु भो । यो पार्टीलाई भन्याङ बनाइदिनुभयो । त्यसपछि पार्टीको नीति बिर्सनुभयो', खनालले ओलीलाई पञ्चायती प्रधानमन्त्रीसँग तुलना गरे, 'यो तीन वर्षमा खेर गयो । यो तीन वर्षमा मरिचमान (सिंह) ले गरेजति पनि गरेनन् । नगेन्द्रप्रसाद रिजालले जति पनि काम गरेनन् ।

स्वागत मन्तव्य राखेकी शाक्यले राजतन्त्र विरुद्ध १६ वर्ष अगाडि भएको जनक्रान्तिसँग यो विरोधको तुलना गरिन् । संविधान र गणतन्त्र संकटमा परेकाले ओलीविरुद्ध सडकमा आउनुपरेको उनले बताइन् । 'संघीय लोकतन्त्रमाथि ओली सरकारले धावा बोलेका छन् । गणतन्त्र माथि धावा बोलेका छन् । संविधानमाथि कू गरेका छन्', शाक्यको भनाइ थियो ।

नेता नेपालले केपी ओली गणतन्त्र र धर्म निरपेक्षताविरोधी भएको बताए । ओलीमा कम्युनिस्ट शैली, प्रवृत्ति र आचरण नरहेको आरोप लगाएका नेपालले ओलीलाई पूर्वराजा ज्ञानेन्द्र शाहसँग तुलना गरे । उनले भने, 'ठीक यही प्रवृत्ति थियो तत्कालीन राजा ज्ञानेन्द्रमा, मलाई बोलाएर भन्नुहुन्थ्यो, गिरिजाप्रसाद विदेशी दलाल हो, यसले त देश नै खाने भयो, नेपाली कांग्रेस काम नै लाग्दैन । म त्यहाँबाट हिँडेपछि गिरिजाबाबुलाई बोलाएर भन्नुहुन्थ्यो, कम्युनिस्टहरु तानाशाहहरु हुन्, नेपालमा यसको नामेट गर्नुपर्छ ।

प्रचण्डले भने गणतन्त्र, संघीयता र धर्म निरपेक्षता विरोधीले सच्चिए भन्दैमा विश्वास गरेर प्रधानमन्त्री बनाउन पुगेकोमा जनतासँग माफी नै मागे । गणतन्त्रवादी आन्दोलनको पक्षमा नभएका ओलीको बयलगाढा को सिद्धान्त पनि थाहा भएको बताउँदै प्रचण्डले भने, 'उहाँले जनताको आन्दोलनको आँधी आयो, हुरी आयो, मैले पनि मानिदिएँ भन्नुभयो । हामीले सच्चिनुभयो होला भन्ने मान्यौं ।

तर, संसद विघटन गर्ने प्रतिगामी कदम जनताले सडकबाटै सच्याउने अवस्थामा आउँदा ओली सकिने चेतावनी प्रचण्डले दिए । 'जनता भनेको, झुक्याएपछि झुक्किहाल्छन् भन्ने सोचियो भने, समयमा सच्चिनएनौ भने, अढाइ सय वर्षे राजतन्त्रलाई फाल्न सक्ने जनताले निरङ्कुशताका पुजारीहरुलाई सजिलै बढार्नेछन्' प्रचण्डको चेतावनी थियो ।

नेताहरुले यो आन्दोलनलाई टेलर मात्रै भएको बताए । ०४६ मा मदन भण्डारीले गरेको भाषण सापटी लिँदै प्रचण्डले आगामी आन्दोलन झनै सशक्त हुने घोषणा गरे । '२०४६ सालको ऐतिहासिक जनआन्दोलनमा एउटा सभामा मदन भण्डारीले भनेका थिए, यो टेलर मात्रै हो, भत्केउरो मात्रै हो । जन्ती आउनै बाँकी छ । बाजा बज्नै बाँकी छ ।

प्रचण्डले यो आन्दोलन बैशाखसम्मै लम्बिने संकेत पनि गरे । 'केपी ओली गोटी बनेका हुन् । बैशाखपछि उनी प्रधानमन्त्री पनि हुनेछैन । केपी ओलीको पत्तासाप हुनेछ । श्री ५ महाराजधिराज हुने छैनन्', प्रचण्डले भने ।

नाम उल्लेख नगरे पनि प्रचण्डले नेपाली कांग्रेसलाई निर्वाचन हुन्छ भन्ने सपना नदेख्न आग्रह पनि गरे । 'कतिपयले साथीहरुले मध्यावधि भइहाले निर्वाचन जितिहालिन्छ भनेर सपना देखेको देख्छु । यो निर्वाचन गर्न घोषणा भएकै होइन । निर्वाचन त हुँदैन, जबर्जस्ती लगिहाल्छौं भन्ने योजना छ', प्रचण्डले भनाइ थियो ।

नेताहरुले निर्वाचन आयोग र सर्वोच्च अदालतलाई पनि आफू वैधानिक नेकपा भएको सन्देश दिएका थिए । 'सिंगै देशको जनताको भावना र संविधानको अक्षरलाई सम्मानित सर्वोच्च अदालतले सम्मान गर्नेछ । भरोसा व्यक्त गर्न चाहन्छ', प्रचण्डले भनेका थिए । तर, संसद पुनर्स्थापनामा जनताको पूरा विश्वास भएको उनको भनाइ थियो ।

पार्टीको नाम र निर्वाचन चिन्ह दाबी गर्दै माधव नेपालले आवश्यक परे, डीएनए र रगत चेक गर्न तयार हुने बताए । पार्टी विभाजन हुनुअघि कायम ४३७ मध्ये २९५ जनाको हस्ताक्षर निर्वाचन आयोगमै बुझाएको उल्लेख गर्दै नेपालले भने, 'लगाएका मास्क हटाउन मात्रै होइन, आवश्यक परे डीएनए चेक गर्न तयार छौं । रगत चेक गर्न तयार छौं ।'

केपी ओलीको सिफारिसमा पुस ५ मा राष्ट्रपति विद्यादेवी भण्डारीले संसद विघटन गरेपछि यसको पुनर्स्थापना गर्न र निर्वाचन आयोगलाई आफूहरु नै नेकपा भएको देखाउँदै पार्टी निर्माण उद्देश्यले नेकपाले चरणवद्ध भेला, बैठक र प्रदर्शन गरिरहेको छ ।

बुधबार, थप आन्दोलन घोषणा गर्ने तयारी यो समूहले गरेको छ । दोस्रो चरणको विरोधसभालाई सर्वदलीय बनाउने यो समूहको योजना छ ।

## म अदालतसँग...............

हेरिबक्स्योस् र न्याय बक्सियोस् ।' संविधान बनाउँदै गर्दा तत्कालीन माओवादीले अदालतलाई निर्वाचित प्रधानमन्त्रीको मातहतमा राख्नुपर्छ भन्ने प्रस्ताव गरेको र त्यतिबेला कांग्रेसले अदालतको स्वतन्त्रताका लागि लडेको उनले बताए । 'त्यसैले अदालतमाथि पनि हाम्रो विश्वास छ' नेता थापाले भने ।

अदालतको सबैभन्दा ठूलो जिम्मेवारी न्याय दिनु भएको उनले बताए । र, अदालतले बिना भय र पक्षपात, बिना गोप्य निर्देशन न्याय दिन सक्यो भने मात्र अदालत हुनुको अर्थ हुने उनले बताए । कांग्रेस नेता थापाले भने, म अदालतबाट न्यायको अपेक्षा गर्छु, अदालतले न्याय देओस् । श्रीमान ।

## नयाँ खालको...............

बिटेनबाट आउने यात्रीमाथि प्रतिबन्धको घोषणा गरेका छन् ।

बिटेनमा भएजस्तो संक्रमण निगरानी विश्वका थोरै राष्ट्रमा मात्र भएकाले नयां प्रकारको कोरोना भाइरस दुई सातासम्म संसारका अन्य ठाउंमा पहिचान हुनु अगावै पुगिसकेको ठानिएको छ ।

ब्रिटिस वैज्ञानिकहरूले गरेको पछिल्लो अध्ययन अनुसार कोरोनाको यो नयां प्रकार संसारले हाल सामना गर्दै आएको भाइरसभन्दा बढी संक्रामक भएको पत्ता लगाएका छन् ।

यो भाइरस यसअघि भेटिएको भाइरसभन्दा ५६ प्रतिशत संक्रामक भएको अनुमान छ ।

हालसम्म बेलायतमा भेटिएको नयां प्रकारको कोरोना भाइरस जापानका सात जनामा पुष्टि भइसकेको त्यहांको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भेटिएका संक्रमितमध्ये अधिकाशं या त बेलायतबाट फर्किएका वा उनीहरूको सम्पर्कमा आएकाहरू भएको जनाइएको छ ।

नयां प्रकारको कोरोना भाइरस पहिचान भएपछि जापानले गैर आवासिय विदेशी नागरिकको जापान प्रवेशमा रोक लगाएको छ । सोमबार मध्यरातबाट लागु हुने यो खोप विज्ञहरू हाल उपलब्ध खोपहरू यी नयां भाइरससंग पनि लड्न सक्षम हुनेमा विश्वस्त छन् यध्यपी यसको परीक्षण पुष्टि हुनु जरूरी छ । हाल उपलब्ध खोप नयां प्रकारको भाइरससंग लड्न सक्षम भए नभएको जााच चलिरहेको छ ।

युरोपियन युनियनका सदस्य राष्ट्रहरूले फाइजर,बायोएनटेकले बनाएको खोप लगाउन सुरू गर्दैछन् । हंग्रेरीले नै खोप अभियान सुरू गरिसकेको छ । यसैगरी अन्य नयाा प्रकारका भाइरसहरूको पनि पहिचान भएको छ । तीमध्ये एउटा दक्षिण अफ्रिकामा भेटिएको छ भने अर्को नाइजेरियामा भेटिएको छ ।

नयां प्रकार भेटिएसागै बेलायतले दक्षिण अफ्रिकाबाट हुने बेलायत यात्राम प्रतिबन्ध लगाएको छ । दुई जनामा त्यहां भेटिएको भाइरसको संक्रमण पुष्टि भएपनि यात्रामा प्रतिबन्ध लगाइएको हो । यसैगरी जर्मनी र सिङ्गापुरमा पनि नयां प्रकार को कोरोना भाइरस भेटिएको छ भने डेनमार्कले सो भाइरस आफ्नो मुलुकमा भित्रिएनभित्रिएकोमा निगर ानी गरिरहेको छ । निगरानीका क्रममा त्यहाा नोभेम्बर १४ देखि डिसेम्बर १४ को अवधिमा ३३ जनामा नयाा किसिमको संक्रमण पुष्टि भएको डेनिस अधिकारीहरूले जनाएका छन् ।

अमेरिकाले भने हालसम्म नयाा किसिमको कोरोना भाइरसका संक्रमित भेटिएको पुष्टि गरेको छैन् । उसले बिहीबार बेलायतबाट आउने यात्रुमा ७२ घण्टाको अवधिमा कोरोना भाइरसको परीक्षण रिपोर्ट नेगेटिभ भएको प्रमाणपत्र हुनुपर्ने बताएको छ ।

## प्रधानमन्त्रीलाई..

गरेमा राष्ट्रपतिविरुद्ध पनि कानुनी कार बाही गर्नुपर्ने अर्यालले बताए । 'र ष्ट्रपतिले गल्ती गर्नुभयो भने उहां पनि कसुरदार बन्नुभयो । उहांलाई पनि महाभियोग लगाउनुपर्छ । किनभने उहांको गतिविधि पनि संविधानमाथि आक्रमण गर्ने खालकै छन् ।

## असली नेकपा को.......

बारे छलफल चलिरहेको छ । निर्वाचन आयोगले पार्टी आधिकारिता बारे दुबै पक्षलाई चिठी काटेको र दल सम्बन्धी कानुनी व्यवस्था हेरेर आधिकारिता दिने समेत बताएको छ ।

ओली पक्षले केन्द्रीय कमिटी पुनगर्ठन गर्दै ११ सय केन्द्रीय कमिटी गठन गर्दै आयोजक महाधिवेशन आयोजक कमिटी गठन गरेको छ भने प्रचण्ड-माधव पक्षले अध्यक्ष केपी शर्मा ओलीलाई हटाएर उनको ठाउमा वरिष्ठन नेता माधवकुमार नेपाललाई अध्यक्षमा चयन गरेको छ । साथै सो समूहले आफूहरुसंग दुई तिहाई अर्थात् ७० प्रतिशत केन्द्रीय समिति सदस्य रहेको त्यस कारण आफूहरु नै नेकपा आधिकारि क भनेको छ भने ओली समूहले अध्यक्ष र महासचिव तथा बैठकका माइनटबुक आफुसंग भएकाले आफु नै आधिकारिक नेकपा भएको दाबी गरिरहेको छ । तर सर्वसाधारण जनताले अब नेकपा को भनेर चिन्न नै गठिन भएको छ ।

# सत्तारुढ नेकपा बिभाजनसँगै प्रदेश मुख्यमन्त्रीको पद धरापमा

काठमाण्डौं । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजनसंगै चारवटा प्रदेशका मुख्यमन्त्रीको पद धरापमा परेको छ । अहिले सात प्रदेशमध्ये ६ वटा प्रदेशमा नेकपाको नेतृत्वमा सरकार छ । प्रदेश २ बाहेकका अन्य प्रदेशमा नेकपा नेतृत्वको सरकार भएपनि नेकपा विभाजनको असर प्रदेशमा पर्ने पक्कापक्की जस्तै भएको छ ।

पार्टी निर्णय र अनुशासनको उल्लंघन गरेको भन्दै केपी शर्मा ओलीलाई अध्यक्ष र संसदीय दलको नेताबाट हटाएको नेकपा प्रचण्ड-नेपाल पक्षले पार्टी निर्णय उल्लंघन गर्ने जोकोहीलाई कडा कारवाही गर्ने जनाएको छ । प्रदेश एकका मुख्यमन्त्री शेरधन राई, वागमतीका डोरमणि पौडेल, गण्डकीका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ र लुम्बिनीका शंकर पोखरेलको मुख्यमन्त्री पद धरापमा परेको हो ।

उनीहरुले पार्टी निर्णय उल्लंघन गरेको भन्दै कारवाही गर्ने तयारी भएको नेकपा प्रचण्ड- नेपाल पक्षले जनाएको छ । प्रचण्ड-नेपाल पक्ष र केपी ओली दुवै पक्षको छुट्टाछुट्टै केन्द्रीय समिति बैठक बस्दैछ । प्रदेश १ को ९३ सदस्यीय प्रदेश सभामा सरकारका लागि ४७ सांसद चाहिन्छ । हाल ६७ जना नेकपा सांसद रहेको यो प्रदेशमा प्रचण्ड नेपाल पक्षका ४७ जना छन् भने ओली पक्षका २० जनामात्रै छन् । त्यस्तै ११० सदस्यीय वागमती प्रदेश सभामा ५६ सांसद सरकार सञ्चालनमा आवश्यक पर्छ । यो प्रदेशमा नेकपा सांसद ८० जना रहेकामा प्रचण्ड-नेपाल पक्षका ४६ जना छन् । त्यस्तै ओली पक्षका ३४ जना रहेका छन् भने बांकी काग्रेससहित विवेकशीलसहित अन्यबाट निर्वाचित भएका छन् । ६० सदस्यीय प्रदेशसभा सदस्य रहेको गण्डकी प्रदेशमा सरकारका लागि ३१ जना सांसद आवश्यक छ । जसमा अहिले नेकपाका सांसद ४० जना छन् जसमा ओली पक्ष २७ र प्रचण्ड नेपाल पक्ष १३ छन् । वााकीमा काग्रेस १५,जसपा २, जनमोर्चा ३ रहेका छन् उता ८७ सदस्यीय रहेको लुम्बिनीमा नेकपाका ६१ सांसद छन् । जसमा सरकारका लागि ४४ सांसद चहिन्छ । यसमा प्रचण्ड नेपाल पक्षका २६ जना छन् भने ओली पक्षका २५ जना छन् । यस्तो अवस्थामा यो प्रदेशका मुख्यमन्त्री पद पनि धर (पमा परेको छ । यी चारवटै प्रदेशका मुख्यमन्त्री ओली निकट मानिन्छन् । उनीहरुले ओलीको कदमलाई साथ दिँदै आएका छन् ।

# वरिष्ठ भलिबल प्रशिक्षक सुदेशकुमार रिमालको निधन

काठमाण्डौ । वरिष्ठ भलिबल प्रशिक्षक तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत खेलकुद विज्ञान प्रतिष्ठानका निर्देशक सुदेशकुमार रिमालको निधन भएको छ । नशासम्बन्धी रोगबाट पीडित ५६ वर्षीय रिमालको शुक्रबार बांसबारीस्थित न्यूरो अस्पतालमा निधन भएको हो ।

टाउकामा समस्या देखिएपछि उनको शल्यक्रियाको तयारी भइरहेको थियो । रिमाल भलिबलका उत्कृष्ट प्रशिक्षकमध्येका एक थिए । उनी विभिन्न समयमा राष्ट्रिय टोलीसागै विभागीय टोली त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बलको एपिएफ क्लबको समेत प्रशिक्षक रहेका थिए । पछिल्लो समय रिमाल खेलकुद विज्ञान प्रतिष्ठानको निर्देशकका रुपमा कार्यरत थिए ।

रिमाल प्रशिक्षकका रुपमा निकै सफल रहेको नेपाल भलिबल सङ्घका अध्यक्ष मनोरञ्जनरमण शर्मा बताउाछन् । रिमालको प्रशिक्षणमा नेपाली पुरुष तथा महिला टोलीले उल्लेख्य सफलता हासिल गरेको छ, अध्यक्ष शर्माले प्रशिक्षक रिमालको निधनप्रति दुःख व्यक्त गर्दै भने । प्रशिक्षक रिमालको निधनबाट नेपालको भलिबललाई अपूरणीय क्षति पुगेको उनको बुझाइ छ ।



भलिबल प्रशिक्षक जगदीशप्रसाद भट्ट प्रशिक्षक रिमाललाई नेपालको भलिबलमा अहोरात्र खटिने व्यक्तिका रुपमा लिन्छन् । नेपालको भलिबललाई अहिलेको अवस्थासम्म ल्याइ पुऱ्याउन प्रशिक्षक रिमालको महत्वपूर्ण योगदान रहेको छ, उनले रिमाललाई स्मरण गर्दै भने । राज्यले न्यून लगानी गरेको भलिबललाई उकास्न प्रशिक्षक रिमालले गरेको योगदानको भलिबल प्रशिक्षक, पदाधिकारी र खेलाडीले सदैव स्मरण गरिरहने प्रशिक्षक भट्ट बताउाछन् ।

पछिल्लो समय सरकारले भलिबललाई राष्ट्रिय खेलका रुपमा घोषणा गरेपछि प्रशिक्षक रिमालले सातवटै प्रदेशमा भलिबल एकेडेमी स्थापनाको माग राख्दै आएका थिए । खेलाडी काठमाडौं भन्दा बाहिर दुर्गम भेगमा रहेकाले उनीहरुलाई एकेडेमीमा राखेर प्रशिक्षण दिनुपर्छ भन्ने प्रशिक्षक रिमालको मुख्य माग थियो ।

प्रशिक्षक रिमालले सन् १९८६ मा दक्षिण कोरियामा सम्पन्न सोल एसियाली खेलकूदमा रिमालले राष्ट्रिय टोलीबाट डेब्यु गर्नुभएको थियो । राखेपबाट एनआइस कोर्स गरेका रिमाल उत्कृष्ट भएपछि २०४५ सालमा डिप्लोमा कोर्स गर्न भारतको पटियाला गएका थिए । उनले पाकिस्तानबाट भलिबल प्रशिक्षणको 'लेभल वान' तथा बङ्गलादेशबाट 'लेभल टु कोर्स' गरेका थिए । रिमालले २०४७ सालमा नेपाली सेनाको केबलजङ्ग गणबाट प्रशिक्षणको शुरुआत गरेका थिए ।

श्रीलङ्कामा सम्पन्न १०औं सागमा महिला टोलीले कास्य पदक प्राप्त गर्दा रिमाल टोलीका सहायक प्रशिक्षक थिए । सन् २०१४ मा नेपालमा भएको आमन्त्रण भलिबल च्याम्पियनशिपमा उनले महिला टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी निभाएका थिए । उक्त प्रतियोगितामा उनले ऐतिहासिक रजत पदक दिलाएका थिए । बाह्रौ सागमा महिला टोलीले कास्य जित्दा पनि रिमाल प्रशिक्षक थिए । उनकै प्रशिक्षणमा महिलाबीच भलिबल टोलीले १३औंा सागमा कास्य पदक प्राप्त गरेको थियो ।

# मेसीले पेलेको रेकर्ड तोडे

स्पेनिस क्लब बार्सिलोनाका अर्जेन्टाइन फरवार्ड लिओनल मेसीले ब्राजिलका महान् खेलाडी पेलेको रेकर्ड तोडेका छन् ।

मेसीले ला लिगाअन्तर्गत मंगलबार भएको खेलमा रियल भालडोलिड विरुद्धको खेलमा गोल गर्दै पेलेको रेकर्ड तोडेका हुन् ।



खेलमा बार्सिलोना ३-० ले विजयी भयो। मेसीले ६५ मिनेटमा टिमका लागि तेस्रो गोल गरेका थिए ।

मेसीले एउटै क्लबका लागि पेलेले बनाएको सर्वाधिक गोलको कीर्तिमानसाग बराबरी गरेका थिए । गत शनिबार बार्सिलोनाका लागि करियरको ६४३औं गोल गर्दै मेसीले उक्त कीर्तिमान बराबरी गरेका थिए । गोल गरेसागै मेसीले करिअरको ६४४औं गोल गरे र पेलेको कीर्तिमानलाई पछि पारे ।

पेलेले ब्राजिलियन क्लब सान्तोषमा १८ वर्ष बिताउादै ६५६ खेलमा ६४३ गोल गरेका थिए ।

सन् २००४ मा डेब्यू गरेयता पुरै करिअर बार्सिलोनामा बिताएका मेसीले १० लिग उपाधि, ४ च्याम्पियन्स लिग उपाधिसहित ३४ मुख्य उपाधि जितेका छन् । उनले सर्वाधिक ६ वटा बालोन डि ओरको उपाधि पनि जितेका छन् ।

# रियल शिर्ष स्थानमा

स्पेनिस ला लिगामा रियल म्याड्रिड विजयी हुँदै खेलको शिर्ष स्थानमा उक्लेको छ । रियलले ग्रानडालाई २-० गोलले पराजित गरेको हो ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको ५७ मिनेटमा रियलले अग्रता लियो ।

रियलका लागि कासेमिरोलले गोल गरे । उनलाई गोल गर्न एसेन्सियोले पास उपलब्ध गराए ।

दोस्रो हाफको इन्जुरी टाइमको तेस्रो मिनेटमा रियलले अग्रता दोब्बर पारेको थियो ।

रियलका लागि करिम बेन्जिमाले दोस्रो गोल गरे । बेन्जिमाले इस्कोले दिएको पासलाई सदुपयोग गरेका थिए । यो रियलको सबै प्रतियोगितामा लगातार छैटौ र ला लिगामा लगातार पााचौ जित हो ।

जितसंगै रियलले अंक तालिकाको शीर्ष स्थानमा रहेको एट्लेटिको म्याड्रिडसाग अंक बराबरी गरेको छ ।

शीर्ष स्थानको एट्लेटिकोको १३ खेलबाट ३२ अंक छ । दुई खेल बढी खेलेको रियलको १५ खेलबाट ३२ अंक भएको छ । रियल सोसिडाड १६ खेलबाट २६ अंक जोड्दै तेस्रो स्थानमा छ ।

चौथो स्थानको भिल्लारियलको १५ खेलबाट २६ अंक र १४ खेलबाट २४ अंक बटुलेको बार्सिलोना पााचौ स्थानमा छन् ।







केन्द्रीय आयोजना कार्यान्वयन इकाई भवन (शिक्षा)
ज्ञानेश्वर, काठमाण्डौ

# नेपाली फिल्मकी एक सुन्दरी सृष्टि



नेपाली चलचित्रका कलाकारहरुले धमाधम बिहे गर्न होडबाजी नै चलिरहेको छ। नायिकाहरु ऋचा शर्मा, प्रियंका कार्की, आंचल शर्मा हुँदै स्वेता खड्काले बिहे गरे। यसरी बिहेमा पुग्ने अधिकांश कलाकारलाई 'आफ्नो बिहे कहिले' भन्ने प्रश्नको सामना गर्नुपर्छ।

नायिका श्रृष्टी श्रेष्ठ केही बर्षदेखि नायक सौगात मल्लको प्रेममा छिन्। सौगात र श्रृष्टी केही बर्षदेखि लिभिङ टुगेदरमा पनि र हुँदै आएका छन्। सौगात र श्रृष्टी पनि बिहेको चर्चा नचलेको होइन। गतबर्ष श्रृष्टीसंग बिहेको कुरा गर्न सौगात बेलायत पुगेको भन्ने खबर पनि सार्वजनिक भएको थियो।

तर, यो जोडीले धमाधम चलचित्रमा भने काम गरिरहेको छ। सौगातले आफूले काम गर्ने अधिकांश चलचित्र मा श्रृष्टी नै नायिका हुनुपर्ने शर्त अगाडि राख्छन् भन्ने पनि गरिन्छ।

नायिका श्रृष्टी श्रेष्ठलाई पनि आफन्तको बिहे गज्जबैले लागेको छ। सामाजिक संजालमा उनले पोष्ट गरेका तस्वीरमा उनी खुलेकी छिन्। श्रृष्टीलाई दर्शकहरुले कहिले बिहे गर्ने भन्ने प्रश्न पनि सोभ्फाएका छन्। तर, श्रृष्टीले यस विषयमा मुख खोलेकी भने छैनन्।

# पूर्णकला बिसी र बद्री सापकोटाको गुन्द्री पराल सार्वजनिक

काठमाण्डौ। पूर्णकला बिसी र बद्री सापकोटाको स्वर रहेको लोकदोहोरी गीत 'गुन्द्री पराल' सार्वजनिक भएको छ।

शम्भु सापकोटाको शब्द तथा बद्री सापकोटाको संगीत रहेको गीतमा संगीत संयोजन कृष्ण बिके 'भान्जा'को रहेको छ।

गीतको भिडियो गाउन खेलिने रोधी शैलीमा तयार भएको छ। जसमा लोमश शर्मा र आयुष्मा कार्कीलगायतको अभिनय देख्न सकिन्छ। स्मृति तिमिल्सेनाको निर्देशन रहेको भिडियोमा सुरेश श्रेष्ठको छायांकन रहेको भिडियोमा प्रकाश धमलाको सम्पादन रहेको छ।

# बलिउड फिल्मका निर्माता मेहराको निधन

मुम्बई। बलिउड फिल्मका निर्माता परवेश सी मेहराको निधन भएको छ। ७१ बर्षीय मेहराको शुक्रबार निधन भएको हो। कोरोनाका कारण उनको निधन भएको बलिउड मिडियाले जनाएका छन्। करिव एक महिनादेखि उनी कोरोना भाइरस संक्रमणबाट पिडित रहेका थिए।



मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा उनको उपचार भैरहेको थियो। उपचारको क्रममा उनको शुक्रबार साभ्फ ४ निधन भएको हो। मेहराले राम जाने, चमत्कार, प्यार के दो पल, अशान्ति, शिकार जस्ता कयौं सुपर हिट फिल्म निर्माण गरेका छन्। उनको निधन प्रति बलिउडका हस्तिहरुले शोक व्यक्त गरिरहेका छन्।


# लैङ्गिक हिंसाको अन्त्य

# मेरो जीवनको गन्तव्य

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## सुचना तथा प्रशारण विभाग

## सूचना ! सूचना !! सूचना !!!

## कदर मिडिया प्रा. लि. द्धारा

**संचालित, प्रकाशित**

**www.kadarnews.com**

अनलाईन पत्रिका संचालनमा आएकोले सबै जनमहानुभावलाई लेख, रचना, समाचार र कविता र अन्य खोजमूलक समाचार तथा सबै खाले **बिज्ञापन** पठाइदिन अनुरोध छ।

## कदर मिडिया प्रा. लि.

चनपा-१२, बलम्बु, काठमाण्डौ

सर्म्पक : ९८५१२४६५२०

ईमेल : kadarnews@gmail.com
kadarp792@gmail.com
kadarmedia@gmail.com